## आर्थिक वर्ष ०८३/०८४ को

# नीति तथा कार्यक्रम

## १० असार, २०८३

## मध्यविन्दु नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश, नेपाल

**मध्यविन्दु नगरपालिका**

**नगर सभाको उन्नाइसौ अधिवेशनमा**

**नगर प्रमुख श्री भिमलाल अधिकारीद्वारा प्रस्तुत**

**आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम**

**नगर सभाका सदस्यज्यूहरू,**

**राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरू।**

आज हामी मध्यविन्दु नगरपालिकाको गरिमामय नगर सभाको यस उन्नाइसौं अधिवेशनमा उपस्थित भएका छौं। **"समृद्ध मध्यविन्दु, खुसी नगरवासी"** को दीर्घकालीन र पवित्र संकल्पलाई शिरोधार्य गरी अनवरत क्रियाशील नगरपालिकाको यस ऐतिहासिक सभा समक्ष आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गौरवको अनुभूति भएको छ।

यस ऐतिहासिक घडीमा, नेपालको राजनीतिक, सामाजिक र शासकीय रूपान्तरणका लागि भएका सम्पूर्ण जनआन्दोलन, सशस्त्र संघर्ष तथा पछिल्लो समय युवा पुस्ता (Gen-Z) को नेतृत्वमा भएका आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, राष्ट्रको सार्वभौमिकता, स्वाधीनता र नागरिक सर्वोच्चताको रक्षाका निम्ति योगदान पुर्‍याउनुहुने सम्पूर्ण घाइते, बेपत्ता नागरिक, आदरणीय राजनीतिक एवं सामाजिक नेतृत्वगण र न्यायप्रेमी आम नगरवासीहरूमा उच्च सम्मान र कृतज्ञता व्यक्त गर्दछु।

परिवर्तनशील राष्ट्रिय परिवेश र नागरिकका दिनानुदिन बढ्दै गएका उच्च परिष्कृत अपेक्षाहरूलाई सम्बोधन गर्नु हाम्रो मुख्य दायित्व हो। आजको सचेत पुस्ताले खोजेको पारदर्शिता, जबाफदेहिता, नवप्रवर्तन र सुशासनको मर्मलाई हामीले आत्मसात् गरेका छौं। नगर सभाको यस अधिवेशनसम्म आइपुग्दा हामीले स्थानीय सरकारको रूपमा जननिर्वाचित यस कार्यकालको चार वर्ष सफलतापूर्वक पूरा गरी अन्तिम वर्षमा प्रवेश गरेका छौं। यो नीति तथा कार्यक्रम हाम्रो यस कार्यकालको मार्गचित्रलाई पूर्णता दिने र आगामी सुनौलो भविष्यको बलियो आधारशिला खडा गर्ने **अन्तिम तथा विशेष नीति र कार्यक्रम** हो। यस अवधिमा नगरवासीले सुम्पिएको विश्वास र जिम्मेवारीलाई कतिपय स्रोत र साधनको सीमाका बाबजुद उच्च कार्यसम्पादन संस्कृतिको विकास गर्दै अहोरात्र पूरा गर्ने प्रयास गरेका छौं।

हामी **"समृद्ध मध्यविन्दु, खुसी नगरवासी"** को मूल मन्त्रलाई संस्थागत स्वरूप दिन पूर्ण रूपमा प्रतिबद्ध छौं। जननिर्वाचित यस कार्यकालको अन्तिम वर्षमा आइपुग्दा हाम्रा नीति र कार्यक्रमहरू विगतका उपलब्धिलाई सुदृढ गर्दै भविष्यमुखी विकासको जग बसाल्न केन्द्रित हुनेछन्। जसका लागि मानवीय मूल्य, संस्कार र व्यवहारिक सीपमा आधारित गुणस्तरीय शिक्षा एवं आम नागरिकको सहज पहुँचभित्र रहनेगरी स्वास्थ्य सेवालाई सर्वोपरी प्राथमिकतामा राखेका छौं।

नारायणी नदी र चितवन राष्ट्रिय निकुञ्जको नजिकमा अवस्थित जैविक विविधताले भरिपूर्ण एवं पूर्व पश्चिम राजमार्गको मध्य बिन्दुका रूपमा रहेको यस नगरपालिकाको विशिष्ट पहिचानलाई प्रवर्द्धन गर्न हामी विशेष योजनाका साथ अघि बढ्नेछौं। मध्यविन्दुको मेरुदण्डका रूपमा रहेको कृषि क्षेत्रलाई परम्परागत अवस्थाबाट रूपान्तरण गरी

आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायिकरण र सुरक्षित बजारीकरण मार्फत वास्तविक कृषकहरूको जीवनस्तर उकास्न हामी थप दृढ संकल्पित छौं।

हरित र पर्यावरणमैत्री नगरको रूपमा मध्यविन्दुका प्राकृतिक स्रोतहरूको संरक्षण गर्दै जल, जमिन र जंगलको दिगो उपयोगमा आधारित पूर्वाधार विकास आजको अपरिहार्य आवश्यकता हो। त्यसैले, वातावरणीय सन्तुलन, विपद् उत्थानशीलता र जलवायु अनुकूलनलाई ध्यानमा राख्दै स्थानीय आवश्यकता पहिचान गरिएका दिगो भौतिक पूर्वाधार निर्माणमा जोड दिइनेछ। साथै, सूचना प्रविधिको अधिकतम उपयोग मार्फत प्रविधिमैत्री प्रशासनिक सेवा प्रवाह गर्दै पूर्ण पारदर्शिता, उत्तरदायित्व र सदाचारिता सहितको सुशासनमार्फत नगरवासीलाई स्थानीय सरकारको वास्तविक अनूभूति गराउनु नै हाम्रो मुख्य ध्येय रहनेछ।

विगत चार वर्षमा प्राप्त भएका सिकाइ र उपलब्धिलाई संस्थागत गर्दै बाँकी रहेका अधुरा कार्यहरूलाई सम्पन्न गर्न हामी मन, वचन र कर्मले प्रतिबद्ध छौं। यस अवधिमा कसैलाई काखा र पाखा नगरी सम्पूर्ण नगरवासीलाई समान दृष्टिले हेर्दै जनप्रतिनिधिको रूपमा निष्पक्ष, पारदर्शी र असल कर्म एवं भूमिका निर्वाह गरिएको छ। यस यात्रामा स्थानीय राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मी एवं समस्त आदरणीय नगरवासीहरूबाट समेत उत्तिकै सकारात्मक, रचनात्मक र उदाहरणीय व्यवहार प्रदर्शन भएकोमा सबैप्रति हार्दिक आभार प्रकट गर्दछु। नगरवासीको विकास र समृद्धिको उत्कट आकांक्षालाई यो नीति तथा कार्यक्रमले न्याय गर्नेछ भन्ने मैले गहिरो विश्वास लिएको छु। हामी सबैको एकीकृत, रचनात्मक र निष्ठापूर्ण सामूहिक प्रयासबाट नै 'समृद्ध मध्यविन्दु र खुसी नगरवासी' को हाम्रो साझा सपना यथार्थमा परिणत हुनेछ।

**सभाका सदस्यज्यूहरु,**

अब म यहाँहरु समक्ष हाम्रो चार वर्षे कार्यकालमा भए गरेका महत्त्वपूर्ण उपलब्धिहरूलाई संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

(१) नेपालको संविधान तथा कानूनी प्रावधान अनुसार नगरपालिकाले आफ्नो अधिकार क्षेत्र र जिम्मेवारीलाई व्यवस्थित रूपमा कार्यान्वयन गर्दै सुशासन र नागरिकमैत्री सेवा प्रवाह सुनिश्चित गर्न हालसम्म १७ ऐन, ७ नियमावली, १२ निर्देशिका, ७८ कार्यविधि तथा अन्य कानून ११ गरी जम्मा १२५ वटा कानूनी दस्तावेज निर्माण गरेको छ, साथै योजनाबद्ध विकासका लागि रणनीतिक आवधिक योजना र नगर शिक्षा योजना तयार गरी कार्यान्वयनमा ल्याएको छ।

(२) मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रममा आ.व.२०७९/०८० देखि आ.व.२०८१/०८२ सम्म लगातार तीन पटकसम्म छनौट हुन सफल गण्डकी प्रदेशको एक मात्र यस नगरपालिकाले पहिलो वर्षमा प्रदुषण न्यूनीकरण फोहरमैला व्यवस्थापन तथा जैविक मल उत्पादन कार्यक्रम दोश्रो वर्षमा हाम्रो खुसी शैक्षिक सुधार परियोजना र तेस्रो वर्षमा कृषि उद्यमशिलता तथा जैविक खेती परियोजना कार्यान्वयन गरिएको थियो ।

(३) नगरपालिकाले आफ्नो विशिष्ट पहिचानलाई उजागर गर्ने महत्वपूर्ण पहलस्वरूप नगर गान तथा नगर लोगो निर्माण गरेको छ। नगर गानले नगरको बहुआयामिक पहिचानलाई सुन्दर रूपमा समेटेको छ। यस गानमा

नगरको प्राकृतिक सम्पदा, नारायणी नदी र राकाचुली जस्ता ऐतिहासिक एवं धार्मिक स्थलहरूको महिमा गाइएको छ। विभिन्न जातजाति, भाषा, धर्म र संस्कृतिको सुन्दर संगम रहेको यस नगरमा असल कर्म, सुशासन र चेतनाको विकासलाई जोड दिइएको छ। साथै, यहाँका उद्योग, व्यापार, कृषि, पर्यटन र स्वावलम्बी जीवनशैलीलाई समृद्धिको मुख्य आधार मान्दै नगरलाई सुखी र विकसित बनाउने साझा संकल्प व्यक्त गरिएको छ।

(४) गुणस्तरीय शिक्षा नै नगरको समग्र समृद्धिको संवाहक हो भन्ने मूल मान्यताका साथ विगत चार वर्षको अवधिमा हामीले शिक्षा क्षेत्रमा रूपान्तरणकारी र नवप्रवर्तनात्मक कार्यहरू सञ्चालन गर्दै आएका छौं। यसै ऐतिहासिक अभियानको कडीका रूपमा शैक्षिक सत्र २०८१ देखि कक्षा १-८ मा मानवीय मूल्य, असल सम्बन्ध र व्यवहारकुशल सीप प्रवर्द्धन गर्ने पवित्र उद्देश्यका साथ मानव मूल्य र संस्कारसहितको "हाम्रो खुसी पाठ्यक्रम" तत्कालीन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यूको प्रमुख आतिथ्यतामा औपचारिक रूपमा शुभारम्भ गरिएको थियो। यस गौरवपूर्ण पाठ्यक्रमको जगलाई तल्लो तहसम्म सुदृढ र प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि हालसम्म ११८० जनाका लागि हाम्रो खुसी पाठ्यक्रमसम्बन्धी अभिमुखीकरण कार्यक्रम, ६८० जनाका लागि जीवन विद्या परिचय शिविर, ४७८ जना कक्षागत खुसी शिक्षकहरुका लागि आधारभूत तथा पुनर्ताजगी तालिम, १०४८४ जना अभिभावकलाई खुसी पाठ्यक्रमको बारेमा प्रशिक्षण, ६२ जना SHRT को सहभागितामा नमूना खुसी कक्षा अवलोकन तथा सिकाइ आदानप्रदान, ६०४ जना कक्षागत खुसी शिक्षकका लागि २ पटक अन्तर विद्यालय भ्रमण तथा सिकाइ आदानप्रदान कार्यक्रम, नियमित विद्यालय सुपरीवेक्षण तथा शिक्षकलाई प्राविधिक सहयोग र खुसी पाठ्यक्रम तथा शिक्षक हातेपुस्तक विकास लगायतका गतिविधि सञ्चालन भएका छन्।

(५) हाम्रो खुसी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन र प्रचारप्रसारका लागि रास्ट्रिय तथा स्थानीय मिडियासँग सहकार्य, अन्तरपालिका सिकाइ आदानप्रदान, कालीगण्डकी गाउँपालिकासँग समन्वय र सहकार्यलाई अगाडि बढाइएको छ। त्यसैगरी आत्मीय विश्वविद्यालय राजकोट भारत र मध्यबिन्दु नगरपालिका बिच शैक्षिक अनुसन्धान र आउटरिच सहकार्य (Outreach Collaboration) को लागि समझदारी पत्रमा हस्ताक्षर गरिएको छ जसले समग्र शैक्षिक विकासका लागि महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ। हाल देशभरबाट हाम्रो खुसी पाठ्यक्रमको बारेमा निकै चासोका साथ अवलोकन भ्रमणमा आउने क्रम बढिरहेको छ, चालु वर्षमा मात्रै ९ स्थानीय तह, विद्यालयहरू लगायत शोधकर्ताहरूबाट अध्ययन अवलोकन भएको छ।

(६) पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास र शैक्षिक गुणस्तर अभिवृद्धिका लागि 'पाठ्यक्रम अध्ययन तथा अनुसन्धान केन्द्र' को स्थापना गरिएको छ। गणित र विज्ञान विषयको सिकाइलाई प्रयोगात्मक बनाउन नमूना प्रयोगशाला र नगरवासीमा पठन संस्कृतिको विकास मार्फत आजीवन सिकाइ प्रवर्द्धन गर्न 'नगरस्तरीय पुस्तकालय' स्थापना गरी सञ्चालनमा ल्याइएको छ। स्थानीय पाठ्यक्रम (हाम्रो मध्यविन्दु) मा आधारित पाठ्यपुस्तकको परिमार्जन, "खुसी शुक्रवार" (Happy Friday) कार्यक्रमको निरन्तरता, शिक्षक दरबन्दी मिलान

तथा विद्यालय समायोजन र शिक्षण सहयोग अनुदान मार्फत विद्यालयहरूमा जनशक्ति व्यवस्थापन गरिएको छ।

(७) शैक्षिक समताका लागि वडा नं. १४ मा पूर्ण निःशुल्क शिक्षा कार्यक्रम र नमूना आधारभूत विद्यालय विकास कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ। शैक्षिक क्यालेण्डरको नियमित प्रकाशन गरिनुका साथै विगत चार वर्षको अवधिमा ७ वटा विद्यालयमा कम्प्युटर प्रयोगशाला, ७ वटा विद्यालयमा पुस्तकालय व्यवस्थापन अनुदान, ५ वटा विद्यालयमा विज्ञान प्रयोगशाला स्थापनाका लागि अनुदान दिइनुका साथै आधारभूत विद्यालयमा स्मार्ट टि.भी., ल्यापटप, प्रिन्टर लगायतका सामग्री वितरण गरिएको छ। साथै, आवश्यकताका आधारमा विद्यालयहरूको भौतिक पूर्वाधार निर्माण र मर्मत-सम्भार कार्यलाई तदारुकताका साथ सम्पन्न गर्ने गरिएको छ।

(८) परिवर्तित विश्व परिवेश अनुरूप शिक्षकहरूको आवश्यकतामा आधारित अंग्रेजी माध्यम शिक्षण, शिक्षण सिकाइमा कृत्रिम बुद्धिमत्ता (AI - सूचना प्रविधि) को प्रयोग, एकीकृत पाठ्यक्रम कार्यान्वयन र योग शिक्षा जस्ता समसामयिक विषयमा शिक्षकहरूको क्षमता अभिवृद्धि गरिएको छ। विद्यालयको प्रशासनिक सुधारका लागि प्रधानाध्यापकहरूलाई व्यवस्थापन तथा नेतृत्व क्षमता विकास तालिम र विद्यालय व्यवस्थापन समिति एवं शिक्षक अभिभावक संघका अध्यक्षहरूका लागि निरन्तर सबलीकरण कार्यक्रम सञ्चालन गर्ने गरिएको छ।

(९) शिक्षा क्षेत्रमा नगरपालिकाले गरेको रणनीतिक लगानी, पूर्वाधार विकास, समावेशी शिक्षामा पुऱ्याएको योगदान, स्थानीय पाठ्यक्रमको निर्माण र नवप्रवर्तन एवं सुशासन र चुस्त व्यवस्थापनको कदर स्वरूप प्रिन्सिपल एसोसिएसन अफ नेपाल (PAN) को आ.व. २०८०/०८१ को राष्ट्रिय मूल्यांकनमा मध्यविन्दु नगरपालिका गण्डकी प्रदेशका स्थानीय तहहरूमध्ये "उत्कृष्ट नगरपालिका" को रूपमा सम्मानित भएको गौरवपूर्ण ब्यहोरा यस गरिमामय सभालाई जानकारी गराउछु।

(१०) आर्थिक वर्ष २०८२/०८३ मा शैक्षिक गुणस्तर र पारदर्शिताका क्षेत्रमा एक महत्वपूर्ण फड्को मार्दै पहिलोपटक वस्तुनिष्ठ सूचकका आधारमा सामुदायिक विद्यालयहरूको स्वमूल्याङ्कन एवम् स्तरीकरण कार्य सफलतापूर्वक सम्पन्न गरिएको छ। यसैगरी, संस्थागत विद्यालयहरूलाई समेत निश्चित वर्गीकरण सूचकमा आधारित बनाई पहिलोपटक न्यायोचित रूपमा कक्षागत शुल्क निर्धारण गरिएको छ। यस पारदर्शी र व्यवस्थित प्रणाली अन्तर्गत 'क' देखि 'घ' वर्गमा गरिएको वर्गीकरणमा नगरभित्रका कुल १७ वटा संस्थागत विद्यालयहरूमध्ये २ वटा 'ख' वर्गमा, ७ वटा 'ग' वर्गमा र बाँकी ८ वटा 'घ' वर्गमा वर्गीकृत भएका छन्, जसले आगामी दिनमा विद्यालयहरूबीच स्वस्थ प्रतिस्पर्धा र शैक्षिक सुधारका लागि बलियो जग बसालेको छ।

(११) प्राथमिक स्वास्थ्य केन्द्रमा सीमित रहेको स्वास्थ्य सेवालाई विशिष्टकृत गरी गुणस्तरीय स्वास्थ्य सेवाको सर्वसुलभ पहुँच अभिवृद्धि गर्न प्राथमिक स्वास्थ्य केन्द्र चोरमारालाई १५ शैयाको आधुनिक उपकरणसहितको सुविधासम्पन्न नगर अस्पतालको रुपमा स्तरोन्नति गरिएको छ । अस्पतालको स्तरोन्नतिसँगै स्वास्थ्य बिमा

सेवा तथा दन्त, फिजियोथेरापीजस्ता विशेषज्ञ सेवा थप गरिएको छ। अत्याधुनिक उपकरणको खरिदबाट प्रयोगशालालाई थप व्यवस्थित बनाई बिरामीहरूको रोग पहिचानका लागि आवश्यक निदानात्मक परीक्षण (Diagnostic test) गर्ने गरिएको छ। साथै सर्पदंश उपचार सेवा, रेविज खोप र रेबिज इम्युनोग्लोबुलिन सेवा, पोष्टमार्टम सेवा, ख वर्गको एम्बुलेन्स सेवा सञ्चालनमा रहेको छ। चालु आर्थिक वर्षको जेठ मसान्तसम्म ओपीडीतर्फ ३७ हजार १ सय ६ जना, इमरजेन्सीतर्फ १ हजार ६ सय ४१ जना र जेष्ठ नागरिक सेवातर्फ ३ हजार ३ सय ८७ जनाले सेवा प्राप्त गरेका छन् ।

(१२) भरतपुर आँखा अस्पतालसँगको सहकार्यमा वि.सं. २०८२ पौष ०६ गते नगर अस्पतालको पुरानो भवनबाट मध्यबिन्दु सर्जिकल आँखा उपचार केन्द्रको सेवा सुचारु गरी आँखा रोग विशेषज्ञ चिकित्सकमार्फत सेवा प्रदान गरिएको छ। सुरुवातीको पहिलो पाँच महिना सम्ममा ६८ जनाले मोतियाबिन्दु शल्यक्रिया सेवा प्राप्त गरिसकेका छन्।

(१३) जेष्ठ नागरिकको सम्मान र खुसीलाई नगरको गौरव मान्दै उहाँहरूमा जीवनप्रतिको उत्साहबोध र नगरप्रतिको अपनत्व प्रगाढ बनाउन 'ज्येष्ठ नागरिकसँग नगर कार्यक्रम' अन्तर्गत त्रैमासिक रूपमा स्वास्थ्यकर्मीहरूबाट घरदैलोमै गई ज्येष्ठ नागरिक निःशुल्क स्वास्थ्य परीक्षण र पूर्ण अपाङ्गता भएका नागरिकहरूको मासिक रुपमा स्वास्थ्य जाँच गर्ने गरिएको छ। चालु आर्थिक वर्षको जेठ मसान्त सम्ममा ३ हजार ९ सय ६३ जना ज्येष्ठ नागरिक र २०० जना पूर्ण अपाङ्गहरुले यस कार्यक्रम अन्तर्गत सेवा प्राप्त गरेका छन् । साथै नगर अस्पताल, अन्य अस्पताल तथा विभिन्न संस्थाहरूसँगको सहकार्यमा स्वास्थ्य शिविरहरु सञ्चालन भएका छन्।

(१४) आरुङ्खोला केन्द्र पायक पर्ने क्षेत्रका नागरिकमा स्वास्थ्य सेवाको सरल र सहज पहुँच उपलब्ध गराउन नयाँ बेलहानी स्वास्थ्य चौकीमा बर्थिङ्ग सेन्टरको सेवा विस्तार गरी एम्बुलेन्स सेवा प्रदान गरिएकोमा यसै वर्षदेखि चिकित्सकीय सेवा थालनी भएको छ ।

(१५) सामाजिक न्याय र समावेशी विकासलाई प्रवर्धन गर्ने नीतिअनुरूप सीमान्तकृत माझी, मुसहर र बोटे समुदायका लागि निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिएको छ। यस पहलअन्तर्गत १ सय ७७ घरपरिवारका १ हजार ७५ जना सदस्यहरूलाई निःशुल्क स्वास्थ्य बीमा उपलब्ध गराइएको छ ।

(१६) नगरपालिकाले आफ्ना नागरिकसँग **'गर्भदेखि अन्तिम यात्रासम्म'** जोडिने बृहत् अभियानअन्तर्गत विभिन्न जनमुखी कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यसै क्रममा, शोकसन्तप्त परिवारलाई दुःखद घडीमा केही हदसम्म आत्मसन्तुष्टि प्रदान गर्ने उद्देश्यले आ.व. २०८१।०८२ देखि **निःशुल्क शववाहन सेवा** सुरु गरेको छ। **'अन्तिम यात्रा'** नाम दिइएको यस सेवामार्फत मृतकलाई नगर प्रहरीबाट सलामीसहित सम्मानपूर्वक अन्तिम यात्रा गराइन्छ। यस अन्तर्गत २०८३ जेठ मसान्तसम्ममा कुल ४४३ जनाले सेवा प्राप्त गरिसकेका छन्।

(१७) **नगर भित्रको कृषि प्रणालीलाई दिगो वनाउन व्यवसायिकरण, यान्त्रीकरण र आधुनिकीकरण गर्ने उद्देश्यले ३ थान कम्बाइण्ड हार्भेस्टर, १ थान धान रोप्ने मेसिन, २ थान कृषि प्रयोजनको लागि ठूला ट्याक्टर, १ थान**

कृषि सामग्री ढुवानीको लागि कृषि एम्बुलेन्स, ४५ थान मिनी ढिलर, ४ थान ड्याङ्ग बनाउने मेशिन लगायतका कृषि औजारहरू अनुदानमा वितरण गरिएको छ। यसैगरी पकेट निर्माण तथा व्यवसाय प्रवर्द्धनको लागि कृषि व्यवसाय सबलीकरण कार्यक्रम, पकेट क्षेत्र कार्यक्रम लगायत विभिन्न तरकारी बाली, मसला बाली, फलफूल खेती प्रवर्द्धन कार्यक्रमहरु सञ्चालनमा ल्याइएको छ।

(१८) **कृषि प्रविधि प्रदर्शनी तथा रैथाने खाना महोत्सव** २०८१ फागुन २२ देखि २४ गतेसम्म भव्य रूपमा सम्पन्न भएको छ । उक्त महोत्सवमा १५ हजारभन्दा बढी दर्शकले अवलोकन गरेका थिए भने झन्डै ४ करोड रुपैयाँ बराबरको आर्थिक कारोबार भएको थियो । कुल ८५ वटा स्टलहरू रहेको उक्त प्रदर्शनीमा सञ्चालित माटो तथा बाली उपचार शिविरबाट ४५० जना कृषक प्रत्यक्ष रूपमा लाभान्वित भएका थिए । महोत्सवले कृषि क्षेत्रको आधुनिकीकरण र स्थानीय रैथाने उत्पादनको प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

(१९) दुग्ध उत्पादक किसानहरूको हौसला बढाउन नगरपालिकाले दुग्ध सहकारीमार्फत प्रतिलिटर दुई रुपैयाँका दरले अनुदान सहयोग उपलब्ध गराउँदै आएको छ। विगत चार वर्षको अवधिमा ६ वटा सहकारीमा आबद्ध १ हजार ६ सय ३४ घरधुरीका किसानहरूले ८९ लाख ७० हजार ६ सय ३९ लिटर दुध उत्पादन गरी १ करोड ५६ लाख २ हजार ५०५ रुपैयाँ अनुदान प्राप्त गरेका छन्।

(२०) गाई-भैंसीको गोठ सुधार तथा निर्माण कार्यक्रमअन्तर्गत हालसम्म १३२ घरधुरीका किसानहरू लाभान्वित भएका छन्। त्यसैगरी, बाख्रापालनलाई व्यावसायिक बनाउने उद्देश्यले 'बाख्रा पकेट क्षेत्र कार्यक्रम' मार्फत २३ वटा उन्नत खोर निर्माण गरिएको छ।

(२१) रेबिज रोगको नियन्त्रण तथा रोकथामका लागि हालसम्म ६ हजार ४ सय कुकुरमा खोप लगाइनुका साथै ७ सय १३ वटा सामुदायिक तथा घरपालुवा कुकुरहरूको बन्ध्याकरण गरिएको छ। त्यस्तै, पशुपन्छीको नश्ल सुधार गरी उत्पादकत्व बढाउन ५ हजार ७ सय ६६ गाई र २ हजार १ सय ३३ भैंसी गरी कुल ७ हजार ८ सय ९९ पशुमा कृत्रिम गर्भाधानको सुविधा उपलब्ध गराइएको छ।

(२२) नगरपालिकाको नामकरणको मुख्य आधार बनेको पूर्व-पश्चिम राजमार्गको ठिक बीच भाग (केन्द्रविन्दु) मा **मध्यविन्दु स्तम्भ** निर्माण कार्य सुरु गरिएको छ। नगरको विशिष्ट पहिचान झल्किने यस स्थललाई व्यवस्थित र आकर्षक चिनारी केन्द्रका रूपमा विकास गर्न एकीकृत पूर्वाधार अन्तर्गत पार्किङ स्थल, आधुनिक सार्वजनिक शौचालय, विश्राम स्थल, चिया तथा कफी स्टल, हरित क्षेत्र र सूचना केन्द्र निर्माण गरिनेछ; जसबाट राजमार्गमा यात्रा गर्ने आम नागरिक र पर्यटकहरूले यात्राका क्रममा रोकिने, जलपान गर्ने र ठीक मध्यभागमा आइपुगेको सम्झनास्वरूप तस्बिर एवं सेल्फी खिच्ने अनुकूल वातावरण तयार गर्ने तथा सोही क्षेत्रमा नगरको उत्पादनलाई राष्ट्रिय रूपमा परिचित गराउने लक्ष्य लिइएको छ।

(२३) **समग्र नगरको दिगो भौतिक पूर्वाधार विकासका लागि विगत चार वर्षमा धुलाम्मे सडकहरूको स्तरोन्नति सहित १४.४० कि.मी. सडक कालोपत्रे**, २.६३ कि.मी. बाटो ढलान, १८०२ वर्ग मिटर इन्टरलकिङ **ब्लक, ४०.९८ कि.मी. सडक ग्राभेल**, २४.०४ कि.मी. पक्की नाली, २.८७ कि.मी. पक्की कुलो, तथा ३२ वटा

कल्भर्ट एवं पुल निर्माण कार्य सम्पन्न भएको छ। साथै, स्वच्छ खानेपानीको सहज पहुँचका लागि १७ वटा खानेपानी ट्याङ्की निर्माण र १७.४ कि.मी. पाइपलाइन विस्तार गरिएको छ। यसका अतिरिक्त, नगरपालिकाको विशेष पहलमा संघीय तथा गण्डकी प्रदेश सरकारबाट नगरभित्र रणनीतिक सडक पूर्वाधारका ठूला र महत्वपूर्ण योजनाहरू स्वीकृत गराउन सफल भइयो। यद्यपि, मुलुकको राजनीतिक परिवर्तनसँगै सिर्जित संघीय सरकारका कतिपय नीतिगत निर्णय, बजारको मूल्यवृद्धि तथा निर्माण सामग्रीको अभाव जस्ता बाह्य प्रतिकूलताका कारण यी बृहत् योजनाहरू लक्ष्य बमोजिम पूर्ण हुन नसकी हाल कार्यान्वयनकै चरणमा रहेका छन् । यस वर्षसम्म ठेक्का भई कार्यान्वयनको चरणमा रहेका क्रमागत योजनाहरू सम्पन्न भएसँगै थप ३० कि.मी. सडक कालोपत्रे हुन गई भौतिक पूर्वाधारको क्षेत्रमा प्रत्यक्ष महसुस गर्ने गरी उपलब्धि देखिने निश्चित छ।

(२४) बजार क्षेत्र विस्तारका लागि नगर अस्पताल परिसरमा सटर निर्माण गरिएको छ। वडा नं. ३ इटौरा र वडा नं. ७ चोरमारा बजार क्षेत्रमा कृषि उपज संकलन केन्द्र निर्माण गरिएको छ । अरुणखोला सभाहलमा ३५० जनाको क्षमता भएको नेवारी संस्कृति झल्किने सभाहल निर्माण सम्पन्न भएको छ।

(२५) नगरपालिकाको केन्द्र चोरमारा बजारमा शहरी पुर्वाधारको एक आयाम सार्वजनिक उद्यान विकासलाई जोड्न खुसी पार्क निर्माणको कार्य तीव्र गतिमा भईरहेको छ भने वडा नं ३ मा ब्रम्हस्थान पार्क, वडा नं १३ र १४ को सिमानामा मध्यविन्दु वरपिपल चौपारी, वडा नं. ८ मा तरेनी वाल उद्यान, अरुणखोलामा अरुणखोला पार्क तथा वडा नं. ९ मा कुण्डले पार्क लगायतका संरचना निर्माण भईरहेका छन्।

(२६) सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत १४९ घरधुरीमा प्राकृतिक जोखिमलाई न्यूनीकरण गर्ने उद्धेश्यले खर तथा फुस लगायतका जोखिमयुक्त छाना हटाई टिनको छाना राखिएको छ। त्यस्तै जनता आवास कार्यक्रम मार्फत मध्यविन्दु /७ मा रहेका बाढी पीडित २१ घरधुरीका जीर्ण पुराना छानाहरु हटाएर नयाँ छानाहरु राखिएको छ भने अन्य वडाहरुमा समेत यस कार्यक्रम मार्फत अति विपन्न परिवारलाई सुरक्षित आवास व्यवस्थापनको लागि जोखिमयुक्त छाना विस्थापन गर्ने कार्य निरन्तर सञ्चालन भइरहेको छ।

(२७) गण्डकी प्रदेश मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम समेतको लगानीमा स्थापना गरिएको सरसफाई प्रवर्द्धन तथा जैविक मल उत्पादन केन्द्रको स्थापना भई नगरका १४ वटा वडाहरुमा फोहरलाई स्रोतमा नै वर्गीकरण गरी व्यवस्थापन गर्ने कार्यका साथै नगरवासीको स्वस्थकर भान्सालाई टेवा पुग्ने गरी वडा वडामा जैविक मल प्रयोग गर्न प्रेरित गरिएको छ । केन्द्रमा कुहिने फोहरबाट जैविक मल तथा नकुहिने फोहरलाई वर्गिकरण गरी पुनःप्रयोगमा ल्याइएको छ भने यसमा हालसम्म १४ हजार ८ सय १६ सक्रिय सदस्य रहेका छन्। यस आर्थिक वर्षको जेठ मसान्तसम्म सेवा शुल्क, कवाडीजन्य सामग्री र जैविक मल विक्री गरी कूल १ करोड १९ लाख २८ हजार आम्दानी भएको छ।

(२८) नगरपालिकाको चोरमारा क्षेत्रमा आधुनिक सुविधा सम्पन्न कभर्ड हलको निर्माण नगरपालिकाको समेत साझेदारीमा पुरा भएको छ भने कोल्हुवामा यसै वर्ष सम्पन्न हुने गरी कोल्हुवा कभर्ड हलको निर्माण कार्य भइरहेको छ। यसैगरी वडा नं. १० को अरुणखोला रंगशालामा प्यारापिट निर्माण कार्य भईरहेको छ

जसको निर्माण सम्पन्न भएपछि झण्डै २ हजार दर्शकले एकै पटक खेलकुद प्रतियोगिता अवलोकन गर्न सक्नेछन्।

(२९) अरुणखोला र गिरुवारी खोलामा करीडोर सहितको ३.१ कि.मि तटबन्धन गर्ने कार्य सकिएको छ भने संघीय र प्रदेश सरकारसँगको समन्वय एवम् सहकार्यमा नारायणी नदीको कटान रोकथाम एवम् बोल्डर राखी तटबन्धन गर्ने कार्य गरिएको छ।

(३०) विद्यालयस्तरीय, वडास्तरीय, क्लवस्तरीय खेलकुदका कार्यक्रमहरूलाई योजनाबद्ध रूपमा सञ्चालन गर्ने गरिएको छ। खेलकुद क्षेत्रको विकासका लागि नगरपालिकाले गरेका गतिविधिहरूको मूल्यांकन गरी आ.व. २०८०/०८१ मा राष्ट्रिय खेलकुद परिषदबाट खेलकुद क्षेत्रमा सर्वोत्कृष्ट नगरपालिकाको रुपमा सम्मानित भएको छ।

(३१) नगरपालिकाको लामो समयको प्रयास र भूमि समस्या समाधान आयोगसँगको समन्वयमा ९ वटा वडाहरूका कुल ४ हजार ५ सय ९४ लक्षित परिवारको ६ सय ३ हेक्टर जग्गामा ८ हजार ८ सय ६८ कित्ता नाप नक्सांकन कार्य सकिएको छ, जसमा समष्टिगत कार्यभारको ७० प्रतिशतभन्दा बढी नापजाँच सम्पन्न भइसकेको छ। यसै प्रक्रिया अन्तर्गत वडा नं. १ का ९० भूमिहीन घरपरिवारलाई जग्गाधनी प्रमाणपूर्जा वितरण समेत गरिसकिएको छ। पहिचान भएका सबै परिवारलाई चालू अवधिमै जग्गाधनी पूर्जा वितरण गर्ने नगरपालिकाको दृढ लक्ष्य रहे तापनि संघीय सरकारको तहमा देखिएको नीतिगत अस्थिरता र कार्यविधिगत अन्योलता मुख्य बाधक बन्न पुग्यो; तथापि, केन्द्रीय नीति र कानुनी प्रक्रियाको परिधिभित्र रही भूमिहीन एवं अव्यवस्थित बसोबासीहरूलाई चाँडोभन्दा चाँडो भूमिको स्वामित्व दिलाउन नगरपालिका संघ र प्रदेश सरकारसँग आवश्यक समन्वय एवं पैरवीका लागि निरन्तर प्रतिबद्ध रहेको छ।

(३२) वि.सं. २०८१ वैशाख १० गते वडा नं. १४ को चनौटे र वि.सं. २०८२ चैत्र २ गते वडा नं. १४ चरङ्गेमा भएको आगलागीबाट प्रभावित १६ घरधुरीलाई रु. १ लाख ६७ हजार २ सय ४४ बराबरको राहत सामग्री वितरण गर्नुका साथै पूर्ण क्षति भएका ६ घरधुरीलाई आवास पुर्ननिर्माणको लागि प्रति घर २ लाखको दरले रु. १२ लाख अनुदान सहयोग गरिएको छ।

(३३) वि.सं. २०८१ असोज १० देखि १२ सम्म अविरल वर्षाका कारण नारायणी नदीमा आएको बाढीले यस नगरपालिकाको वडा नं. २, ६, १२ र १५ मा डुवान भई प्रभावित ५८८ घरधुरीका नागरिकहरुलाई राहत, उद्धार र पुनर्स्थापना कार्यको लागि नगरपालिकाको नेतृत्वमा विभिन्न संघसंस्थाहरु समेतको परिचालन गरी ७२ लाख ४७ हजार २ सय ६ रुपैया बराबरको राहत वितरण गरिएको थियो ।

(३४) बैदेशिक रोजगारीमा जाने १ हजार ४ सय ४१ जना व्यक्तिहरुको श्रममा सहजीकरण एवम् बैदेशिक रोजगारीमा मृत्यु भएका, बिरामी भई घर फर्केका र ठगीमा परेर केश दर्ता भएकामध्ये १५६ वटा समस्या समाधान गरी रु. ६९ करोड ५२ लाख ९ हजार आर्थिक सहायता/क्षतिपूर्ति प्राप्त गर्नको लागि सहजीकरण गरिएको छ।

(३५) राष्ट्रिय रोजगार कार्यक्रमअन्तर्गत रोजगार सेवा केन्द्रमा सूचीकृत २ हजार ७ सय २७ जना बेरोजगारमध्ये १ हजार ५ सय ८८ जनालाई न्यूनतम रोजगारीमा खटाई कुल १४ हजार ७ सय ७ दिन बराबरको रोजगारी प्रदान गरिएको छ। यसै कार्यक्रममार्फत ४० जनालाई डकर्मी तालिम समेत दिइएको छ। त्यसैगरी, वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूका लागि सञ्चालित 'पुनःएकीकरण कार्यक्रम' मार्फत ४० जना उद्यमी युवालाई तालिम र व्यवसाय प्रवर्द्धनका लागि विउ पूँजी वितरण गरिएको छ भने वैदेशिक रोजगार बोर्डमार्फत थप १ सय ६० जनालाई सीपमूलक तालिम प्रदान गरिएको छ। यसका साथै, लघुउद्यम विकास कार्यक्रममार्फत नयाँ उद्यमी सिर्जना गर्न विभिन्न रोजगारमुखी तथा सीप विकाससम्बन्धी तालिमहरू सञ्चालन गरिएका छन्।

(३६) सुरक्षित आप्रवासन कार्यक्रम मार्फत ३ सय १२ जनालाई २१ हप्ते, ५ सय ६३ जनालाई ३ दिने, ४ सय ९९ जनालाई १ दिने वित्तीय साक्षरता कक्षा र ८८ जना व्यक्तिलाई मनोपरामर्श सेवा प्रदान गरिएको छ।

(३७) लैङ्गिक हिंसा न्यूनीकरणका लागि 'लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान' अन्तर्गत व्यापक चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुका साथै महिलाहरूलाई आर्थिक रूपमा आत्मनिर्भर र उद्यमशील बनाउने उद्देश्यले गुडिया, कुसन तथा गलैंचा बुन्ने, वाद्यवादन, उद्घोषण, ब्युटिपार्लर, सरफ बनाउने, जुत्ताचप्पल बनाउने जस्ता विभिन्न रोजगारमूलक सीप विकास तालिमहरू प्रदान गर्दै आइरहेको छ। यसैगरी, द्वन्द्वपीडित तथा प्रभावित महिलाहरूका लागि सचेतना, अभिमुखीकरण एवं विशेष तालिमहरू सञ्चालन गरी उनीहरूको सामाजिक पुनर्स्थापनामा जोड दिइएको छ। नगरले समावेशी विकास र सामाजिक सुरक्षालाई आत्मसात् गर्दै उप-प्रमुखसँग महिला लक्षित कार्यक्रम एवं राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार जस्ता कार्यक्रमहरू सञ्चालन गरेको छ।

(३८) अपाङ्गता भएका व्यक्तिहरुको जीवनयापनमा सहजीकरणका लागि अपाङ्गता सहायक सामग्री वितरण, सीप विकास तालिम, व्यवसाय सञ्चालन गर्न अनुदानका साथै नियमित रूपमा अपांगता परिचय पत्र वितरण गर्ने जस्ता कार्यहरू सञ्चालन हुदैं आएको छ। यसैगरी अपाङ्गता भएका बालबालिकाको लागि स्वास्थ्य परीक्षण शिविर, फिजियोथेरापी सेवा, दिवा स्याहार सेवा कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

(३९) दलित, जनजाति तथा पिछडिएको समुदायको उत्थान तथा परम्परागत सीप, कला, संस्कृतिको संरक्षण तथा सम्बर्धनमार्फत उद्यमशीलता विकास गर्न मागमा आधारित कार्यक्रमहरूको विकास गरी सञ्चालन गरिदै आइएको छ ।

(४०) ज्येष्ठ नागरिकहरूको अनुभवको कदर गर्दै उनीहरूको जीवनलाई सम्मानित र सुखमय बनाउने उद्देश्यले नगरपालिकाले विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ। यसअन्तर्गत आपसी सद्भाव र अनुभव साटासाटको लागि 'ज्येष्ठ नागरिक मिलन केन्द्र' लाई सहयोग, अवलोकन भ्रमण तथा वडा र टोलस्तरीय मञ्चहरू गठन गरिएका छन्। यसै क्रममा उनीहरूको आत्मसम्मान बढाउन चालू आर्थिक वर्ष २०८२/०८३ मा मात्रै नगर र वडास्तरमा विशेष समारोह आयोजना गरी एक हजारभन्दा बढी ज्येष्ठ नागरिकहरूलाई सम्मान गरिएको छ।

(४१) राष्ट्रिय गान र नगर गानको मूल मर्मलाई आत्मसात् गर्दै मध्यविन्दु नगरपालिका अनेकतामा एकताको एउटा जीवन्त फूलबारीका रूपमा अघि बढेको छ। विभिन्न जातजाति, भाषाभाषी र धर्म-संस्कृतिको त्रिवेणी रहेको यस पालिकामा हरेक नागरिकको आत्मसम्मान र पहिचानलाई उच्च कदर गरिएको छ। यसै सांस्कृतिक गरिमालाई जोगाउन नगरपालिकाले थारू समुदायको अगाध आस्थाको पर्व जितिया, मगरहरूको ऐतिहासिक मगर स्थापना दिवस, कुमाल समुदायको भाषा संस्कृति उत्थान र नेवारी संस्कृतिका मौलिक जात्रा एवं पर्वहरू जस्ता विभिन्न समुदायका दिवस र सांस्कृतिक उत्सवहरूमा आफैं अग्रसर भई कार्यक्रम सञ्चालन गर्ने तथा सक्रिय सहभागिता र सहयोग पुऱ्याउँदै आएको छ। हरेक पर्व, भाषा र संस्कृतिलाई एउटै मालामा उनेर आपसी भाइचारा र सामाजिक सद्भावको बलियो जग निर्माण गर्नु एक महत्वपूर्ण उपलब्धि हो।

(४२) सहकारी विभागद्वारा लागू गरिएको कोपोमिस (COPOMIS) प्रणालीमा निष्क्रियबाहेक नगरभित्रका सबै सहकारी संस्थाहरूले आवश्यक तथ्याङ्कसहित आफ्नो प्रगति विवरण पेस गर्दै आएका छन्। सहकारी संस्थाहरूको वार्षिक रूपमा स्थलगत अनुगमन गरी तिनीहरूको सुदृढीकरणका लागि आवश्यक पृष्ठपोषण प्रदान गर्ने गरिएको छ। सहकारीहरूबीच सकारात्मक प्रतिस्पर्धा बढाउन हरेक वर्ष उत्कृष्ट कार्य गर्ने संस्था छनोट गरी पुरस्कृत गर्ने परम्परा समेत बसालिएको छ।

(४३) सेवाग्राहीहरूलाई छिटो, झन्झटमुक्त र आरामदायी वातावरणमा प्रशासनिक सेवा उपलब्ध गराउने उद्देश्यले नगरपालिकाको मुख्य प्रशासनिक भवनमा 'नागरिक सेवा केन्द्र' स्थापना गरिएको छ। यस केन्द्रको सञ्चालनबाट नागरिकहरूले सहज रूपमा सेवा पाउनुका साथै जनताको सन्तुष्टि अभिवृद्धि र स्थानीय सुशासन प्रवर्द्धनमा समेत महत्त्वपूर्ण टेवा पुगेको छ।

(४४) नागरिक र नगरपालिकाबीचको सूचना प्रवाहलाई तीव्र, पारदर्शी एवं प्रभावकारी बनाउने उद्देश्यले चालू आर्थिक बर्ष २०८२/०८३ देखि 'नागरिक सूचना प्रवाह प्रणाली' सुरु गरिएको छ। आधुनिक प्रविधिको अधिकतम उपयोग गर्दै नगरपालिकाका विशेष निर्णय, जनहितकारी सन्देश तथा महत्त्वपूर्ण पर्वका शुभकामनाहरू आम नागरिकको हातहातमा पुऱ्याउने लक्ष्य राखिएको यस प्रणालीमार्फत २०८३ जेठ मसान्तसम्म ९० वटा विषयमा विभिन्न समसामयिक र सूचनामूलक विषयवस्तुहरू नागरिकसमक्ष प्रवाह गरिएको छ ।

(४५) नगरभित्रका युवा, उद्यमी तथा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई लक्षित गरी सञ्चालन गरिएको युवा उद्यमशीलता तथा स्वरोजगार प्रवर्धन कार्यक्रम अन्तर्गत १५० भन्दा बढी युवालाई राष्ट्रिय ख्यातिप्राप्त प्रशिक्षकद्वारा ३ दिने सकारात्मक सोच, उत्प्रेरणा र उद्यमशीलता सम्बन्धी अभिमुखीकरण तथा कार्यशाला, प्रभावकारी र व्यवस्थित रूपमा सम्पन्न गरिएको छ।

(४६) नगरपालिकामा जलवायु उत्थानशील खाद्यबाली (धान, गहुँ तथा तोरी) को बृहत् प्रदर्शन तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न लागिएको छ। कृषकहरूलाई गुणस्तरीय बीउ, जैविक मल र विषादी वितरण गरी स्थानीय बीउ प्रणाली सुदृढीकरण, कृषक क्षमता अभिवृद्धि तथा दिगो जीविकोपार्जन प्रवर्द्धन गर्ने यस

कार्यक्रमको मुख्य उद्देश्य रहेको छ। सोही उद्देश्य अनुरूप, मिति २०८३ जेठमा राष्ट्रिय प्रकृति संरक्षण कोषसँग ५४ लाख ७१ हजार रुपैयाँ बराबरको कार्यक्रम सञ्चालनका लागि सम्झौता सम्पन्न भएको छ।

**सभाका सदस्यज्यूहरु,**

यस पृष्ठभूमि र विगतका सिकाइहरूलाई आत्मसात् गर्दै म मध्यविन्दु नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम यस ऐतिहासिक सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

नेपालको संविधानले परिकल्पना गरेको लोककल्याणकारी राज्यको मर्म, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, विश्वव्यापी दिगो विकासका लक्ष्यहरू (SDGs), सङ्घीय सरकार र गण्डकी प्रदेश सरकारका नीति, कार्यक्रम एवं बजेट, राष्ट्रिय सोह्रौं योजना र यस नगरपालिकाको आवधिक योजनालाई यस दस्तावेजको मुख्य मार्गदर्शक स्रोत मानिएको छ। यसका अतिरिक्त मध्यविन्दुका मौलिक विशेषता, नगरवासीका प्रवल आकाङ्क्षाहरू, क्रियाशील राजनीतिक दल एवं विषयगत समितिहरूका अमूल्य सुझाव, टोल तथा वडास्तरको योजना तर्जुमा प्रक्रियाबाट प्रतिविम्बित जनभावना, नागरिक समाजका रचनात्मक पृष्ठपोषण र विगतका योजना कार्यान्वयनबाट प्राप्त व्यावहारिक अनुभवहरूलाई नै यस नीति तथा कार्यक्रम तर्जुमाको मुख्य आधार स्तम्भ बनाइएको छ।

वर्तमान जनअपेक्षा र सीमित स्रोत-साधनबीच सन्तुलन कायम गर्दै मानवीय मूल्यसहितको गुणस्तरीय शिक्षामा न्यायपूर्ण पहुँच, नागरिकको ढोकामै गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवा, पर्यावरणमैत्री भौतिक पूर्वाधार, कृषि तथा पशुपालन क्षेत्रको आधुनिकीकरण र उत्पादकत्व वृद्धि, स्वच्छ खानेपानीको सुनिश्चितता, स्थानीयस्तरमै मर्यादित रोजगारीको सिर्जना, लक्षित गरिबी न्यूनीकरण, दिगो विकासको स्थानीयकरण एवं प्रविधिमैत्री सुशासनलाई मैले यस नीति तथा कार्यक्रमको मूल प्राथमिकतामा राखेको छु। क्षेत्रगत रूपमा यो नीति तथा कार्यक्रमले मुख्यतया देहायका रणनैतिक क्षेत्रहरूलाई विशेष प्राथमिकताका साथ अघि बढाउने संकल्प गरेको छः

(क) मानवीय मूल्य र संस्कारयुक्त गुणस्तरीय शिक्षामा समतामूलक पहुँच र रूपान्तरण

(ख) गुणस्तरीय र सर्वसुलभ आधारभूत स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच

(ग) वातावरणीय सन्तुलन र विपद् उत्थानशीलता सहितको दिगो एवं उच्च गुणस्तरीय भौतिक पूर्वाधार निर्माण

(घ) कृषि तथा पशुपालन क्षेत्रको व्यावसायिक आधुनिकीकरण, यान्त्रिकीकरण र सुनिश्चित बजारीकरण

(ङ) युवा नेतृत्व, नवप्रवर्तन र उद्यमशीलता प्रवर्धन

(च) स्वच्छ खानेपानी र दिगो सिँचाइ पूर्वाधार विकास कार्यक्रम

(छ) उद्यमशीलताको प्रवर्द्धन, स्थानीय रोजगार सिर्जना र नगरवासीको आयआर्जनमा वृद्धि

(ज) पर्यटकीय गन्तव्यहरूको पहिचान, ऐतिहासिक सम्पदाको संरक्षण र पर्यटन प्रवर्द्धन

(झ) प्राकृतिक स्रोतहरूको दिगो एवम् सन्तुलित व्यवस्थापन

(ञ) लक्षित वर्गको उत्थान, सन्तुलित विकास एवं समावेशी सहभागिता

(ट) डिजिटल गभर्नेन्स, सुशासन अभिवृद्धि र सार्वजनिक सेवा प्रवाहमा नवप्रवर्तन र सदाचारिता ।

सभाका सदस्यज्यूहरु,

अब म मध्यविन्दु नगरपालिकाको यस सम्मानित नगरसभाको उन्नाइसौं अधिवेसन समक्ष आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

## (१) आर्थिक विकास

### कृषि तथा पशुपन्छी विकास

१. **"खेतबारीमा प्राविधिक सेवा, उत्पादनमा टेवा" एवं "कृषि उपजको सुरक्षित उत्पादन र बजार सुनिश्चितता"** भन्ने मूल ध्येयका साथ कृषकहरूको खेतबारीमै विज्ञ प्राविधिक सेवा पुऱ्याउने कार्यलाई निरन्तरता दिइनेछ। बाली रोग, कीरा व्यवस्थापन र विषादी अवशेष परीक्षण सहित सुरक्षित एवं स्वस्थ्यकर उत्पादन प्रविधिमा कृषकहरूलाई व्यावहारिक परामर्श उपलब्ध गराइनेछ। सञ्चारका आधुनिक माध्यमहरू प्रयोग गरी कृषि प्रविधि र बजारयोग्य उत्पादनसम्बन्धी सूचना प्रवाहलाई तीव्र बनाउँदै कृषि उत्पादनको गुणस्तर र उत्पादकत्व अभिवृद्धि गरिनेछ।

२. कृषि क्षेत्रमा आत्मनिर्भरता बढाउन तथा युवा उद्यमशीलता प्रवर्द्धन गर्न कृषकहरूको ज्ञान, सीप र कार्यदक्षता विकासका लागि आवश्यकतामा आधारित आधारभूत तालिम, गोष्ठी तथा प्राविधिक परामर्शका कार्यक्रमहरू सञ्चालन गरिनेछ। कृषिविज्ञहरूबाट स्थलगत अनुगमन गराई रोग-कीराको वैज्ञानिक पहिचान र जैविक नियन्त्रणलाई प्राथमिकता दिइनेछ। अनुगमनका क्रममा रासायनिक विषादीको प्रयोग अपरिहार्य देखिएमा मात्र कृषि प्राविधिकको सिफारिसका आधारमा व्यवस्थित रूपमा विषादी उपलब्ध गराउने प्रबन्ध मिलाइनेछ।

३. **"कृषि उत्पादनको मूल आधार, सिंचाइ प्रणालीमा सुधार"** भन्ने सोंचका साथ सिंचाइ सुविधा नपुगेका कृषियोग्य भूमिमा सङ्घ र प्रदेश सरकारसँग प्रभावकारी समन्वय र सहकार्य गरी सिंचाइ पूर्वाधार विस्तार गरिनेछ। आधुनिक एवं किफायती सिंचाइ प्रविधिलाई प्राथमिकता दिंदै साना सिंचाइ आयोजनाहरूको निर्माण, मर्मत तथा स्तरोन्नति मार्फत नगरका खेतबारीमा वर्षैभरि सिंचाइ सुविधा सुनिश्चित गरी उत्पादन बढाउन जोड दिइनेछ।

४. खाद्यान्नमा पूर्ण आत्मनिर्भरता, खाद्य एवं पोषण सुरक्षा सुनिश्चित गर्न सिञ्चित क्षेत्रहरूमा चैते धान खेतीको विस्तार गरिनेछ। धान, गहुँ र मकै लगायतका प्रमुख खाद्यान्न बालीका उन्नत तथा प्रमाणित बीउको प्रयोगलाई प्रोत्साहन गर्न कृषकहरूलाई बीउ खरिदमा अनुदान, प्राविधिक सहयोग र आवश्यक कृषि सामग्रीहरू सहुलियत दरमा उपलब्ध गराइनेछ।

५. राष्ट्रिय प्रकृति संरक्षण कोषसँगको सम्झौता र साझेदारीमा मध्यविन्दु नगरपालिकाले जलवायु उत्थानशील खाद्यबालीहरू (धान, गहुँ र तोरी) को बृहत् प्रदर्शन तथा प्रवर्द्धन गरी उन्नत बीउ उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ। यस अन्तर्गत कृषकहरूलाई उन्नत एवं गुणस्तरीय बीउ, जैविक मल र जैविक विषादी वितरण गर्दै स्थानीय बीउ प्रणालीको सुदृढीकरण, कृषक क्षमता अभिवृद्धि र दिगो जीविकोपार्जन प्रवर्द्धनका कार्यहरू अगाडि बढाइनेछ।

६. 'स्वस्थ उत्पादन, स्वस्थकर भान्सा' को अभियानलाई सार्थक बनाउन रासायनिक विषादीको प्रयोगलाई निरुत्साहित गर्दै दिगो र वातावरणमैत्री प्राङ्गारिक कृषिलाई प्रवर्द्धन गरिनेछ । कृषि विकास शाखा अन्तर्गतको प्रयोगशालालाई स्तरोन्नति गरी प्रयोगशाला मार्फत ट्राइकोडर्मा लगायतका लाभदायी सूक्ष्मजीवहरूको व्यावसायिक उत्पादन, गुणस्तर परीक्षण तथा वितरण गरिनेछ भने माटोको स्वास्थ्य सुधारका लागि वडास्तरबाटै माटो परीक्षण, कृषि चुन, जिप्सम तथा सूक्ष्म खाद्य तत्व वितरणका साथै माटो तथा बाली उपचार शिविर सञ्चालन र गड्यौले मल एवं जैविक मलको उत्पादन र प्रयोगलाई विशेष प्रोत्साहन दिइनेछ।

७. नगरपालिकाभित्र व्यावसायिक उत्पादनको उच्च सम्भावना रहेका केरा, कागती, मसला र तरकारी बालीहरूको पकेट क्षेत्र विकास कार्यक्रमलाई आगामी आर्थिक वर्षमा थप प्रभावकारी बनाइनेछ। विशेष गरी केराखेतीको सम्भाव्यता भएका क्षेत्रहरूमा उन्नत प्रविधि, गुणस्तरीय टिस्यु कल्चर बिरुवा, प्राविधिक सहयोग र मूल्य शृङ्खला व्यवस्थापन मार्फत उत्पादन वृद्धि गर्दै आयात प्रतिस्थापन र कृषकहरूको आयआर्जन वृद्धिमा जोड दिइनेछ। यस क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउने कृषकहरूलाई उत्प्रेरित गर्न **"उत्कृष्ट कृषक सम्मान कार्यक्रम"** सञ्चालन गरिनेछ।

८. भारतीय राजदूतावास र यस नगरपालिकाको लागत सहभागितामा करिब रु. ६.५ करोडको लागतमा मध्यविन्दु नगरपालिका वडा नं. २ मा निर्माण सम्झौता भई सूचना आह्वान भइसकेको कोल्ड स्टोर (शीत भण्डार) परियोजनाको निर्माण कार्यलाई तीव्रता दिइनेछ। कृषि उपजको सुरक्षित भण्डारण, गुणस्तर संरक्षण र बजारको उतारचढावबाट हुने खाद्य नोक्सानी न्यूनीकरण गरी कृषकलाई उचित मूल्य सुनिश्चित गर्न यस कोल्ड स्टोरको प्रभावकारी व्यवस्थापन र सञ्चालन मोडेल तयार गरिनेछ।

९. प्राकृतिक प्रकोप र रोगव्याधिका कारण कृषकहरूले भोग्नुपरिरहेको ठूलो आर्थिक क्षति र जोखिमलाई न्यूनीकरण गर्न सङ्घीय सरकारको लगानी रहेको कृषि बीमा कार्यक्रमलाई तल्लो तहसम्म पुऱ्याइनेछ। विभिन्न बीमा सेवा प्रदायक संस्थाहरूसँगको सहकार्यमा बाली तथा पशुधन बीमासम्बन्धी व्यापक जनचेतना जगाउँदै कृषक र बीमा कम्पनी दुवै पक्षबीच सहज र विश्वासिलो वातावरण निर्माणका लागि नगरपालिकाले आवश्यक समन्वय र सहजीकरण गर्ने कार्यलाई निरन्तरता दिनेछ।

१०. **"सशक्त कृषक, आधुनिक कृषि"** भन्ने मूल मर्मलाई आत्मसात् गर्दै नगर क्षेत्रमा कृषि आधुनिकीकरण तथा यान्त्रीकरण कार्यक्रमलाई व्यापक विस्तार गरिनेछ। कृषकहरूलाई मिनी टिलर, स्प्रेयर, मल्चिङ प्लास्टिक, ड्याङ बनाउने तथा गोड्ने मेसिन जस्ता आधुनिक कृषि औजारहरू सहुलियतमा उपलब्ध गराई तरकारी, खाद्यान्न, फलफूल, च्याउ तथा मह उत्पादनको लागत घटाइनेछ। स्थानीय कृषि उपजको बजार पहुँच बढाउन प्रशोधन, गुणस्तर सुनिश्चितता, ब्रान्डिङ, लेबलिङ र प्याकेजिङ कार्यमा सहयोग गरिनेछ। कृषक समूह, फर्म र कृषि सहकारीहरूको प्रत्यक्ष सहभागितामा कृषि उपज सङ्कलन केन्द्र तथा प्रमुख बजार क्षेत्रहरूमा स्थानीय उत्पादन बिक्री कक्ष (Outlets) स्थापना र सञ्चालन गरी कृषकहरूको बजार मूल्य शृङ्खलालाई सुदृढ बनाइनेछ।

११. **"व्यावसायिक पशुपालन र उन्नत प्रविधिः आत्मनिर्भर अर्थतन्त्रको बलियो जग"** भन्ने मूल सोंचका साथ गाई, भैंसी, बाख्रा, बङ्गुर, हाँस तथा कुखुरापालनलाई उच्च प्राथमिकता दिइनेछ। दूध, मासु र अण्डाको उत्पादन एवं उत्पादकत्व वृद्धि गरी नगरवासीको खाद्य सुरक्षा सुनिश्चित गर्दै पशुपालनलाई नाफामूलक व्यवसायमा रूपान्तरण गरिनेछ।

१२. **'पशु उत्पादनको बलियो आधार, कृत्रिम गर्भाधानबाट नश्ल सुधार'** भन्ने नाराका साथ पशुपन्छीको उत्पादन क्षमता बढाउन कृत्रिम गर्भाधान सेवालाई वडास्तरसम्म विस्तार गरी उन्नत नश्ल विकास कार्यक्रमलाई प्रभावकारी बनाइनेछ। पशुपन्छीमा देखिने प्रजनन जटिलता र बाँझोपनको वैज्ञानिक समाधानका लागि विज्ञ प्राविधिकहरू सहितको **"निःशुल्क पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर"** अभियानका रूपमा सञ्चालन गरिनेछ।

१३. महामारीजन्य र सङ्क्रामक रोगहरूको समयमै पहिचान तथा रोकथाम गर्न **"नगरस्तरीय भेटेरिनरी प्रयोगशाला"**को स्थापना र नियमित खोप कार्यक्रमलाई तीव्रता दिइनेछ। **'निरन्तर बन्ध्याकरण तथा खोप तालिका, रेबिजमुक्त मध्यविन्दु नगरपालिका'** भन्ने नाराका साथ सामुदायिक कुकुरहरूको बन्ध्याकरण र रेबिज विरुद्धको खोप लगाउने व्यवस्था मिलाइनेछ ।

१४. जनस्वास्थ्य र उपभोक्ताको खाद्य सुरक्षालाई ध्यानमा राख्दै पशुजन्य उत्पादनमा एन्टिबायोटिक्सको अनियन्त्रित प्रयोगलाई निरुत्साहित गरिनेछ। कृषकहरूमा औषधि प्रयोगपछिको सुरक्षित समयावधि सम्बन्धी सघन चेतना जगाउँदै एन्टिमाइक्रोबियल प्रतिरोधी (AMR) न्यूनीकरण कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

१५. **'पशुपन्छीको स्वास्थ्यमा निगरानी, बढाउँछ आम्दानी'** भन्ने नारा अघि बढाउँदै पशुधनको पोषणयुक्त आहारका लागि **"हरियो घाँस विस्तार कार्यक्रम"** मार्फत बहुवर्षीय र मौसमी घाँस खेतीको क्षेत्रफल बढाइनेछ। पशु स्वास्थ्य अनुकूल वातावरण निर्माणका लागि आधुनिक खोर एवं गोठ सुधार कार्यक्रम सञ्चालन गर्दै फार्महरूमा जैविक सुरक्षा प्रणाली अवलम्बन गर्न कृषकहरूलाई प्रोत्साहन गरिनेछ।

१६. **'उत्पादन साथमा, अनुदान हातमा'** भन्ने नारालाई चरितार्थ गर्न दुग्ध उत्पादनमा कृषकहरूको उत्साह कायम राख्न नगरपालिकाले दुग्ध सहकारी मार्फत दिँदै आएको प्रति लिटर रु. दुई अनुदान रकमलाई आगामी आर्थिक वर्षमा पनि कायम राखिनेछ। डेरी तथा मासु व्यवसायीहरूसँग रणनीतिक साझेदारी गर्दै पशुजन्य पदार्थको स्वच्छ उत्पादन र सुरक्षित बजारीकरणमा सहजीकरण गरिनेछ।

१७. **'श्रम र सीपको समायोजन, दुग्धको विविधिकरणबाट आयआर्जन'** भन्ने नाराका साथ स्थानीय दुग्ध उत्पादक संस्थाहरूबाट उत्पादित दही, मही लगायतका दुग्धजन्य पदार्थलाई स्थानीय स्तरमा नै खपत गर्ने साथै नगरपालिकाअन्तर्गतका सरकारी कार्यालयहरूमा अतिथि सत्कार, विभिन्न कार्यक्रम तथा दैनिक खपत हुने अन्य पेय पदार्थको ठाउँमा दही/महीको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

१८. **"मौरीपालन र रेशम खेती व्यवसायमा लगानी, स्थानीय महबाट मनग्य आम्दानी"** भन्ने मूल मर्मअनुसार मौरीपालन तथा रेशम खेतीलाई व्यावसायिक रूपमा प्रवर्द्धन गरी कृषकहरूको आयआर्जन, रोजगारी र आर्थिक सशक्तीकरणमा टेवा पुऱ्याइनेछ। उत्पादित महको गुणस्तर सुनिश्चित गर्दै परीक्षण, ब्राण्डिङ, मूल्य

अभिवृद्धि तथा बजारीकरणमा सहजीकरण गरिनेछ। साथै खेती विस्तार, रेशमकीरा पालन प्रवर्द्धन, आवश्यक प्रविधि तथा सीप हस्तान्तरणमार्फत रेशम उत्पादन वृद्धि गरिनेछ। कृषक, सहकारी तथा निजी क्षेत्रसँग समन्वय गरी उत्पादनदेखि बजारसम्मको मूल्य शृङ्खला विकास गर्दै स्थानीय मह तथा रेशमजन्य उत्पादनको उचित मूल्य र दिगो बजार सुनिश्चित गरिनेछ।

१९. **'पशुपालनमा आधुनिक यन्त्रको प्रयोग, श्रम र समयको सही सदुपयोग'** को नीति अन्तर्गत पशुपालनलाई श्रम-किफायती बनाउन लागत साझेदारीमा कृषकहरूलाई च्यापकटर, दाना मिल र काउ म्याट लगायतका आधुनिक मेसिनरी सामग्रीहरू सहुलियतमा उपलब्ध गराइनेछ; युवाहरूलाई आधुनिक कृषि पेसामा आकर्षित गर्न वित्तीय संस्थाहरूसँगको समन्वय तथा रणनीतिक साझेदारीमा वित्तीय पहुँचको सुनिश्चितता मिलाइनेछ भने कृषकहरूको ऋणको भार कम गर्न कृषि ऋणको ब्याजमा अनुदान, सरल पशु बीमा कार्यक्रम र आकस्मिक विपद् तथा महामारीबाट क्षति भएका कृषकका लागि राहतको उचित व्यवस्था गरिनेछ।

२०. **'मध्यविन्दुको उत्पादन, बजारीकरण र उद्यमशीलता प्रवर्द्धन'** को नीति अन्तर्गत युवा, महिला, विपन्न तथा सीमान्तकृत वर्गलाई लक्षित गरी आयआर्जनमुखी पशुपालन र व्यावसायिक माछा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ; नगरको विशिष्ट पहिचानका रूपमा रहेका स्थानीय उत्पादनहरू जस्तै मध्यविन्दु केरा, माछा, दुग्ध परिकार, कागती र महको व्यावसायिक उत्पादन वृद्धि, सहज बजारीकरण र संस्थागत सहजीकरणका लागि विशेष कार्यक्रमहरू अगाडि बढाइनेछ भने यी रैथाने परिकारहरूलाई नगरका पर्यटकीय स्थलहरू "खुसी पार्क" र "मध्यविन्दु स्तम्भ" क्षेत्रमा बिक्री वितरण गर्ने उद्यमीहरूलाई प्रोत्साहन गर्नुका साथै सहकारी मार्फत "मही प्रवर्धन" कार्यक्रम लागू गरिनेछ।

**सहकारी, उद्यमविकास र पर्यटन**

२१. नगर क्षेत्रभित्र सञ्चालित सहकारी संस्थाहरूलाई कानुनी मापदण्ड बमोजिम नियमित अनुगमन, मूल्याङ्कन र सुदृढ नियमनको दायरामा ल्याइनेछ। सहकारीहरूमा वित्तीय अनुशासन, जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणाली मजबुत बनाउन सहकारी नियमावली सूचना प्रणाली (COPOMIS) मा अनिवार्य आबद्ध गराई विद्युतीय अभिलेख व्यवस्थापनलाई प्रोत्साहन गरिनेछ, जसबाट सहकारीहरूलाई सुशासनयुक्त, पारदर्शी, उत्तरदायी र पूर्ण रूपमा सदस्यमुखी संस्थाका रूपमा रूपान्तरण गरिनेछ।

२२. सहकारी क्षेत्रको दिगोपनका लागि सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति र व्यवस्थापकहरूको व्यावसायिक क्षमता अभिवृद्धि गर्न लक्षित तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। साथै, समुदाय स्तरमा बचत संस्कृतिको विकास, वित्तीय साक्षरता र सहकारी शिक्षाको माध्यमबाट जनचेतना अभिवृद्धि गर्दै उत्कृष्ट कार्यसम्पादन गर्ने सहकारी संस्थाहरूलाई प्रोत्साहन तथा सम्मान गर्ने व्यवस्था मिलाइनेछ।

२३. सहकारी क्षेत्रलाई बचत तथा ऋणको परम्परागत कारोबारमा मात्र सीमित नराखी स्थानीय सम्भावनाका आधारमा उत्पादन, कृषि, पर्यटन र उद्यमशीलतामा केन्द्रित गरिनेछ। सहकारीकै माध्यमबाट स्थानीय

उत्पादनको संकलन, प्रशोधन, बजारीकरण एवं ब्रान्डिङमा सहयोग पुर्‍याउँदै स्थानीय स्तरमा नवीन रोजगारीका अवसरहरू सिर्जना गरिनेछ।

२४. वर्तमान समयमा सहकारी क्षेत्रमा देखिएका शिथिलता र चुनौतीहरूलाई सम्बोधन गर्न निष्क्रिय एवं समस्याग्रस्त सहकारी संस्थाहरूको पहिचान गरी तिनीहरूको सुधार, पुनर्संरचना, एकीकरण (Merger) र कुशल व्यवस्थापनका लागि आवश्यक कानुनी एवं प्रशासनिक पहल गरिनेछ। सहकारीहरूबीच स्वस्थ प्रतिस्पर्धा, अनुभव आदानप्रदान र बलियो नेटवर्क निर्माणका लागि अन्तर-सहकारी सहकार्यको वातावरण तय गरिनेछ।

२५. महिला, दलित, आदिवासी जनजाति, विपन्न तथा आर्थिक-सामाजिक रूपले पिछडिएका वर्ग र समुदायको आर्थिक आत्मनिर्भरताका लागि सहकारी मोडेललाई मुख्य औजारको रूपमा परिचालन गरिनेछ। लक्षित वर्गको नेतृत्व र सहभागिता रहेका सहकारीहरूलाई विशेष सहुलियत र प्रवर्द्धनात्मक कार्यक्रममार्फत समतामूलक आर्थिक सशक्तीकरणमा जोड दिइनेछ।

२६. स्थानीय स्रोत, सीप र सम्भावनाका आधारमा स्वरोजगार तथा घरेलु उद्योगको प्रवर्द्धन गरी गरिबी न्यूनीकरण र दिगो रोजगारी सिर्जना गरिनेछ। यसै क्रममा वडा नं. १५, प्रसौनीमा सञ्चालित केरा फाइबर निकासी उद्योगको विशेष विस्तार, प्रवर्द्धन र स्तरोन्नति गरी स्थानीय स्तरमा रोजगारीका अवसरहरू विस्तार गरिनेछ।

२७. महिला, युवा, दलित, जनजाति, विपन्न र वैदेशिक रोजगारीबाट फर्किएका बेरोजगार नागरिकहरूलाई प्राथमिकतामा राखी उद्यमशीलता तथा सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ। परम्परागत तथा बजार मागमा आधारित तालिम प्राप्त उद्यमीहरूलाई व्यवसाय सुरु र विस्तार गर्न आवश्यक आधुनिक प्रविधि, औजार तथा उपकरणहरूमा पहुँच सुनिश्चित गरिनेछ।

२८. सञ्चालनमा रहेका पुराना उद्यमीहरूको उत्पादकत्व वृद्धि गर्न पुनर्ताजगी तथा उन्नत सीप तालिम सञ्चालन गरिनेछ। उद्यमीहरूलाई व्यवसाय योजना निर्माण, वित्तीय साक्षरता, लेखा व्यवस्थापन तथा प्राविधिक सहयोग उपलब्ध गराउन प्रभावकारी व्यवसाय परामर्श सेवा र नियमित अनुगमन-मूल्याङ्कन प्रणाली स्थापना गरिनेछ।

२९. स्थानीय उत्पादनहरूको गुणस्तर सुधार, प्याकेजिङ, लेबलिङ र ब्रान्डिङका लागि प्राविधिक सहयोग गरिनेछ। उत्पादित वस्तुहरूलाई बजारसँग जोड्न डिजिटल प्रवर्द्धनका लागि सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ। साथै, उद्यमीहरूको वित्तीय पहुँचका लागि सहकारी तथा बैंकहरूसँग आवश्यक समन्वय गरिनेछ।

३०. नवप्रवर्तनकारी र सिर्जनशील व्यावसायिक सोचलाई प्रोत्साहन गर्न आवश्यक बिउ पूँजी तथा सहजीकरणको व्यवस्था मिलाइनेछ। वातावरणमैत्री, हरित तथा दिगो उद्यमहरूको विकासलाई विशेष प्राथमिकता दिँदै उद्यमी र सहकारी संस्थाहरूबीच सहकार्य गराई उत्पादन र बजारीकरणको दिगो प्रणाली विकास गरिनेछ।

३१. उपभोक्ता अधिकारको सुनिश्चितताका लागि बजारमा व्याप्त अस्वस्थ प्रतिस्पर्धा, मूल्यवृद्धि र मिसावटजन्य विकृतिलाई नियन्त्रण गरिनेछ। गुणस्तरीय वस्तु तथा सेवाको उत्पादनदेखि बजारीकरणसम्मको चक्रलाई पारदर्शी बनाउन स्थानीय प्रशासन, सरोकारवाला र उपभोक्ता मञ्चको समन्वयमा बजार अनुगमन र नियमनलाई थप सशक्त एवं प्रभावकारी बनाइनेछ।

सभाका सदस्यज्यूहरू,

३२. नगरभित्रका प्राकृतिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको एकीकृत प्रवर्द्धनका लागि विशिष्ट पर्यटन सर्किटको निर्माण गरिनेछ। यस अन्तर्गत नारायणी तटीय क्षेत्र, घडेरी थुम्कास्थित ऐतिहासिक सेन राजाको दरबार भग्नावशेष, सुहाँरीघाट र सोलीघोप्टे डाँडा जस्ता पहाड र समथर भूभागमा छरिएर रहेका पर्यटकीय गन्तव्यहरूलाई सडक सञ्जाल र आवश्यक पूर्वाधारद्वारा जोडी आन्तरिक तथा बाह्य पर्यटनको विकास गरिनेछ।

३३. स्थानीय समुदायको मौलिक कला, भाषा, संस्कृति र रैथाने परम्पराहरूको जगेर्ना गर्दै पर्या-पर्यटनलाई आर्थिक समृद्धिको आधार बनाइनेछ। यसका लागि सामुदायिक होमस्टे (गाउँघरबास) को स्थापना, क्षमता विकास र सुदृढ सञ्चालनमार्फत स्थानीय स्तरमा स्वरोजगारीका अवसरहरू सिर्जना गरिनेछ।

३४. पर्यटन क्षेत्रलाई रोजगारीको प्रमुख संवाहक बनाउन यसको बहुआयामिक विविधीकरण र विस्तार गरिनेछ। आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षित गर्न र उनीहरूको बसाइ अवधि लम्ब्याउन नगरभित्र ठूला तथा मझौला लगानीका सुविधायुक्त होटल, रिसोर्ट र पर्या-पर्यटन व्यवसायहरू सञ्चालनका लागि निजी क्षेत्र अनुकूल सुरक्षित लगानीको वातावरण निर्माण गरिनेछ।

३५. नारायणी तटीय क्षेत्रको जैविक विविधता, वन्यजन्तु तथा जलचरहरूको संरक्षण र सुरक्षाको उचित प्रबन्ध मिलाइनेछ। नारायणी नदीमा साहसिक र मनोरञ्जनात्मक जलयात्रा (वाटर टुरिजम) सञ्चालनका लागि प्रोत्साहन एवं सहजीकरण गरिनुका साथै पहाडी र नदी किनारका उपयुक्त स्थानहरू पहिचान गरी थप पार्कहरूको निर्माण तथा स्तरोन्नति गरिनेछ।

३६. छिमेकी स्थानीय तहहरूसँगको पारस्परिक समन्वय र साझेदारीमा ऐतिहासिक एवं प्राकृतिक पदमार्गहरू (ट्रेल) को पहिचान र विकासको कार्य थालनी गरिनेछ। यसरी सञ्चालन गरिने पदमार्ग निर्माण तथा मर्मतसम्भारका कार्यहरूलाई प्रधानमन्त्री रोजगार कार्यक्रमसँग आबद्ध गरी स्थानीय बेरोजगार नागरिकलाई उत्पादनशील रोजगारी उपलब्ध गराइनेछ।

३७. स्वदेश तथा विदेशका प्रमुख स्थानीय तह एवं सहरहरूसँग द्विपक्षीय हितका आधारमा भगिनी सम्बन्ध स्थापना गरिनेछ। यस माध्यमबाट नगरको कला र संस्कृतिको अन्तर्राष्ट्रियकरण गर्नुका साथै पर्यटन, प्रविधि र आर्थिक विकासका साझा क्षेत्रहरूमा संस्थागत सहकार्यको नीति अवलम्बन गरिनेछ।

खानेपानी

३८. नगरपालिकाभित्र निर्माण सम्पन्न भएका तथा निर्माणाधीन लिफ्टिङ र पम्पिङ खानेपानी आयोजनाहरूको दिगो सञ्चालनका लागि उपभोक्ता समितिहरूको क्षमता विकास गरिनेछ। पानीका मुहानहरू सुक्ने समस्यालाई सम्बोधन गर्न मुहान संरक्षण, पुनरुत्थान तथा जलाधार क्षेत्र व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनुका साथै पुराना तथा जीर्ण पाइपलाइन र ट्याङ्कीहरूको मर्मत-सम्भार गरी खानेपानी आपूर्तिको दिगोपन सुनिश्चित गरिनेछ।

३९. जलवायु परिवर्तन र सम्भावित संकटको समयमा समेत सुरक्षित खानेपानीको उपलब्धता सुनिश्चित गर्न स्थानीय खानेपानी उपभोक्ता समितिहरूसँगको सहकार्यमा **खानेपानी सुरक्षा योजना** (Water Safety Plan) लागू गरिनेछ। नगरका विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक निकायहरूमा लैङ्गिक, बालमैत्री तथा अपाङ्गतामैत्री खानेपानी र स्वच्छता पूर्वाधारको पहुँच विस्तार गर्दै समुदाय स्तरमा गनिएका सूचकहरूको आधारमा पूर्ण सरसफाइ र स्वच्छता व्यवहार प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

४०. सङ्घ, प्रदेश, स्थानीय सरकार तथा विभिन्न सङ्घसंस्थासँगको त्रिपक्षीय एवं बहुपक्षीय साझेदारी र समन्वयमा **'एक घर, एक धारा'** को अवधारणा अनुरूप नगरवासीका घर-घरमा सुरक्षित एवं स्वच्छ पिउनेपानीको प्रबन्ध मिलाउने कार्यलाई उच्च प्राथमिकताका साथ अगाडि बढाइनेछ। खानेपानीको दिगो, सुलभ र व्यवस्थित वितरणका लागि एक सुदृढ 'नगरस्तरीय खानेपानी बोर्ड' गठन गरिनेछ। यसका साथै, नगरपालिकाभित्र सञ्चालित सम्पूर्ण खानेपानी आयोजनाहरूलाई एकीकृत प्रणालीमा आबद्ध गर्दै साना तथा छरिएर रहेका खानेपानी आयोजनाहरूलाई प्राविधिक एवं प्रशासनिक रूपमा समायोजन (मर्जर) गरी प्रभावकारी रूपमा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।"

**गैर-सरकारी संस्था र सामाजिक संस्थाहरु**

४१. स्थानीय विकासमा साझेदारी अभिवृद्धि गरी दिगो, सन्तुलित र समावेशी नतिजा हासिल गर्न सामाजिक, आर्थिक र पूर्वाधार विकासका कार्यहरूमा गैरसरकारी संस्थाहरूसँगको सहकार्यलाई प्राथमिकता दिइनेछ। विशेष गरी शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण र लक्षित वर्गको सामाजिक सशक्तीकरणका क्षेत्रमा नगरको प्राथमिकता र आवश्यकता अनुरूप उत्कृष्ट कार्य गर्ने संस्थाहरूलाई प्रोत्साहन एवं सहजीकरण गरिनेछ।

४२. गैरसरकारी संघ-संस्थाहरूबाट सञ्चालित कार्यक्रमहरूलाई थप व्यवस्थित, पारदर्शी र जवाफदेही बनाउन नगरपालिकाको संस्था दर्ता ऐन, २०८० को व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ। सामाजिक संस्थाहरूको दर्ता तथा नवीकरण प्रक्रियालाई प्रणालीगत बनाउँदै नगर क्षेत्रभित्र कुनै पनि कार्यक्रम वा परियोजना सञ्चालन गर्नुपूर्व नगरपालिकासँग अनिवार्य अनुमति लिनुपर्ने र पालना गर्नुपर्ने सर्तहरूलाई दृढताका साथ लागू गरिनेछ।

**युवा, रोजगार तथा उद्यमशीलता**

४३. **'नगरमै रोजगार, समृद्धिको मूल आधार'** भन्ने संकल्पका साथ स्थानीय स्तरमा दिगो रोजगारीका अवसरहरू अभिवृद्धि गर्न कृषि, पर्यटन, पर्या-उद्योग र सूचना प्रविधि (IT) क्षेत्रलाई मुख्य प्राथमिकता दिइनेछ; युवाहरूको नेतृत्वदायी क्षमता, उद्यमशीलता र सिर्जनशील सोचलाई व्यावसायिकतामा बदल्न वित्तीय तथा प्राविधिक सहयोगसहितको 'युवा परियोजना प्रोत्साहन तथा स्टार्टअप कार्यक्रम' सञ्चालन गरिनेछ।

४४. **'बजारमुखी सीप सुनिश्चित रोजगारी'** भन्ने अवधारणा अनुरूप श्रम बजारको माग र आपूर्तिबीच सन्तुलन कायम गर्न नगरभित्रका बेरोजगार जनशक्तिको वास्तविक तथ्याङ्क सङ्कलन गरिनेछ; रोजगारदाता र

श्रमिकबीच सहज समन्वय एवं रोजगारीको अवसर सुनिश्चित गर्न 'श्रम संसार प्रणाली' लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै बजारमुखी सीपमूलक तालिमलाई प्रत्यक्ष रूपमा रोजगारीसँग आबद्ध गरिनेछ।

४५. **'सुरक्षित श्रम, सुदृढ सामाजिक सुरक्षा'** को नीति अवलम्बन गरी रोजगारीका अवसर, तालिम र उद्यमशीलता सम्बन्धी सूचना प्रवाहलाई पूर्ण रूपमा पारदर्शी र प्रविधिमैत्री बनाइनेछ; महिला, दलित, आदिवासी जनजाति र पिछडिएका समुदायको व्यावसायिक दक्षता विकासका लागि एकीकृत उद्यमशीलता तालिम प्रदान गर्दै उनीहरूको परम्परागत सीप र उद्यमलाई विशेष संरक्षण गरिनेछ; यसै गरी निर्माण कार्यमा सहभागी हुने नगरका सूचीकृत श्रमिकहरूको कार्यस्थलमा हुन सक्ने दुर्घटना जोखिम वहन गर्ने गरी विशेष श्रमिक बीमा कार्यक्रम सञ्चालन गरिनेछ भने औपचारिक, अनौपचारिक तथा स्वरोजगारीमा आबद्ध नगरका श्रमिकहरूलाई क्रमशः सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने नीति लिइनेछ।

४६. **'सुरक्षित वैदेशिक रोजगार, सीपयुक्त स्वदेश फिर्तीको आधार'** लाई आत्मसात गर्दै वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र सूचनामूलक बनाउन अनलाइन श्रम स्वीकृति तथा वैदेशिक रोजगार बोर्डबाट प्राप्त हुने आर्थिक सहायता प्रक्रियालाई वडा स्तरबाटै थप सहज र प्रभावकारी बनाइनेछ; साथै वैदेशिक रोजगारीबाट फर्किएका नगरबासीहरूको ज्ञान र सीपको प्रमाणीकरण गरी उनीहरूको सामाजिक-आर्थिक पुनःस्थापनाका लागि 'रिटर्नी पुनःएकीकरण कार्यक्रम' सञ्चालन गरिनेछ।

## (२) सामाजिक विकास

### शिक्षा तथा खेलकुद

४७. **'प्रविधिमैत्री शिक्षण, मध्यविन्दुको नवप्रवर्तन'** को सङ्कल्पसहित गुणस्तरीय शिक्षाको प्रतिज्ञालाई मूर्तरूप दिन बदलिँदो परिवेश अनुकूल 'नगर शिक्षा योजना' परिमार्जन गरिनेछ र शिक्षकहरूको निरन्तर व्यावसायिक विकासका लागि विषयगत शिक्षक सञ्जाल परिचालन, अन्तर-विद्यालय अनुभव आदानप्रदान तथा प्रविधिमैत्री सिकाइ वातावरण निर्माण गरिनेछ।

४८. **'प्रविधिमा नवप्रवर्तन, शिक्षणमा रूपान्तरण'** को नीति लिँदै विद्यालयहरूमा डिजिटल शिक्षण सामग्रीको पहुँचमा व्यापक वृद्धि गरिनेछ; साथै शिक्षकहरूका लागि आर्टिफिसियल इन्टेलिजेन्स (AI) सम्बन्धी क्षमता विकास र प्रारम्भिक बालविकास सहजकर्ताहरूको क्षमता अभिवृद्धि कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गरिनेछ।

४९. **'खुसीपूर्वक सिकाइ, असल संस्कार र समृद्ध समाज'** भन्ने संकल्पका साथ मानवमूल्य र चेतना विकासका लागि 'हाम्रो खुसी पाठ्यक्रम' लाई संस्थागत र दिगो बनाइनेछ, जसका लागि बालबालिकामा आत्मबोध र सहअस्तित्वको भावना विकास गर्न शिक्षक तालिम, निरन्तर प्राविधिक सहयोग र अभिभावक सचेतनाका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

५०. **'अनुभवको आदानप्रदान, उत्कृष्ट अभ्यासको पहिचान'** को अवधारणा अनुरूप खुसी पाठ्यक्रम कार्यान्वयनका क्रममा प्राप्त अन्तर-विद्यालय सिकाइ, सफल अभ्यास र उत्कृष्ट अनुभवहरूलाई व्यवस्थित अभिलेखीकरण गरिनेछ र नगरको शैक्षिक रूपान्तरणलाई संस्थागत गर्न नियमित रूपमा जर्नल प्रकाशन गर्ने व्यवस्था मिलाइनेछ।

५१. **मानव मूल्य शिक्षा, मध्यविन्दुको पहिचान'** को रूपमा स्थापित गर्न खुसी कार्यक्रमको राष्ट्रिय प्रवर्द्धनका लागि तीनै तहका सरकारबीच समन्वय र सहकार्य गरिनेछ, साथै दक्ष जनशक्ति तयारी तथा थप अध्ययनका लागि छिमेकी राष्ट्र भारतका आत्मीय युनिभर्सिटी (राजकोट) र अभ्युदय संस्थानसँग सक्रिय साझेदारी र सहकार्य गरिनेछ।

५२. **हाम्रो पहिचान, जीवनोपयोगी स्थानीय पाठ्यक्रम'** का रूपमा नगरपालिकाको विशिष्ट पहिचानसहित परिमार्जनको अन्तिम चरणमा रहेको कक्षा १ देखि ५ को स्थानीय पाठ्यपुस्तक 'हाम्रो मध्यविन्दु' लाई आगामी शैक्षिक सत्रदेखि थप समयसापेक्ष, जीवनोपयोगी र व्यावहारिक रूपमा कार्यान्वयनमा ल्याइनेछ।

५३. **'त्रासमुक्त सिकाइ, न्यायपूर्ण मूल्याङ्कन'** सहित बालबालिकाको सिकाइलाई अघि बढाउन कक्षा ५ सम्म सिकाइ उपलब्धिमा आधारित 'सिकाइका लागि मूल्याङ्कन' प्रणाली को प्रभावकारी कार्यान्वयनका लागि विद्यार्थी पोर्टफोलियोको अनिवार्य प्रयोग र व्यवस्थापन मिलाइनेछ।

५४. **'निःशुल्क शिक्षा, समतामूलक पहुँचको आधार'** भन्ने नीति लिँदै विद्यालय बाहिर रहेका बालबालिका लक्षित 'विशेष भर्ना अभियान' सञ्चालन गरिनेछ; साथै छात्रवृत्ति र विपन्न लक्षित सहायतालाई पारदर्शी बनाउँदै वडा नं. १४ को **'निःशुल्क शिक्षा कार्यक्रम'** लाई निरन्तरता दिइनेछ।

५५. **'विद्यालय स्तरीकरण, गुणस्तरको प्रवर्द्धन'** को नीति अनुरूप नगरभित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरूको स्तरीकरण र वर्गीकरण प्रतिवेदनले औंल्याएका सुधारात्मक पक्षहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ; कमजोर सूचक भएका विद्यालय सुधारका लागि विशेष प्याकेज ल्याइनेछ भने उत्कृष्ट कार्यसम्पादन गर्नेलाई प्रोत्साहित गरिनेछ।

५६. **'उत्तरदायी निजी लगानी, मर्यादित शैक्षिक प्रणाली'** को नीति लिँदै संस्थागत विद्यालयहरूलाई सेवामुखी बनाउन, बालमैत्री पूर्वाधार सुनिश्चित गर्न र शैक्षिक स्तर उकास्नका लागि **'संस्थागत विद्यालय मापदण्ड तथा शुल्क निर्धारण कार्यविधि'** को पूर्ण कार्यान्वयन गरिनेछ र अनुगमन तथा नियमनमार्फत विद्यालयहरूलाई माथिल्लो वर्गमा उकासिन उत्प्रेरित गरिनेछ।

५७. **'सन्तुलित दरबन्दी, चुस्त शैक्षिक प्रबन्ध'** लाई प्राथमिकतामा राखी विद्यालयहरूमा विद्यार्थी संख्या र आवश्यकताका आधारमा शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्यलाई निरन्तरता दिइनेछ र सरकारी दरबन्दीका शिक्षकले न्यूनतम पिरियड लिएपश्चात मात्र आन्तरिक स्रोतबाट शिक्षक राख्नुपर्ने व्यवस्थाको कार्यान्वयन गर्दै दरबन्दी न्यून भएका विद्यालयमा शिक्षण सहयोग अनुदानलाई निरन्तरता दिइनेछ।

५८. विद्यार्थीहरूको चौतर्फी विकासका लागि अतिरिक्त क्रियाकलाप र परियोजना कार्यलाई विद्यालयको अभिन्न अङ्गको रूपमा एकीकृत गरी सञ्चालन गरिनेछ। पठनपाठनलाई थप व्यावहारिक, सृजनशील र प्रभावकारी बनाउन अभिभावकहरूको सहमति तथा समन्वयमा सार्वजनिक विदाका दिनहरूमा समेत उपयुक्त अतिरिक्त क्रियाकलाप, नवप्रवर्तनात्मक सिकाइ र प्रयोगात्मक परियोजना कार्यहरू सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

५९. **'उत्तरदायी प्रशासन, सुशासित शैक्षिक वातावरण'** को संकल्पसहित विद्यालयहरूमा प्रशासनिक सुशासन, सघन सुपरीवेक्षण र विद्युतीय हाजिरीलाई क्रमशः अनिवार्य गरिनेछ; साथै विद्यालयको जबाफदेहिता प्रवर्द्धन गर्न अभिभावक र सरोकारवालाहरूको सहभागितामा वर्षको दुई पटक अनिवार्य सार्वजनिक सुनुवाइ गरी कात्तिकमा गत आर्थिक वर्षको आयव्यय सहितको सामाजिक परीक्षण र चैत वैशाखमा नयाँ शैक्षिक योजना तथा अभिभावक सहयोगको स्वीकृतिसम्बन्धी प्रस्तावहरू अनुमोदन गर्नुपर्ने व्यवस्था मिलाइनेछ ।

६०. **'ज्ञान, सचेतना र रूपान्तरणको केन्द्रः हाम्रो पुस्तकालय'** को चुस्त व्यवस्थापन गर्दै यसको सेवा र सामुदायिक सिकाइ केन्द्रहरूको गतिविधिलाई एकीकृत रूपमा संयोजन गरिनेछ र यसलाई प्रविधिमैत्री ई-लाइब्रेरी, ज्ञानको साझा मञ्च र खोज-अनुसन्धानको थलोका रूपमा विकास गरी तल्लो तहसम्म पठन संस्कृतिको प्रवर्द्धन गरिनेछ।

६१. **'स्वस्थ शरीर, सबल मनः खेलकुदमय मध्यविन्दु नगर'** को लक्ष्यसहित योग र खेलकुदलाई विद्यालय शिक्षा प्रणालीको अभिन्न अंगका रूपमा विकास गरी कम्तीमा एक विद्यार्थी एक खेलको अवधारणा अनुसार विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा जोड दिइनेछ। विद्यालय खेलकुद शिक्षकहरूको क्षमता विकास गरिनुका साथै राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई थप परिष्कृत, मर्यादित र व्यवस्थित रूपमा सञ्चालन गरिनेछ।

६२. **'खेलाडीको सम्मान, मध्यविन्दुको सान'** लाई सार्थक रूप दिन नगरभित्रका खेलकुद क्लबहरू, विधागत खेल संघहरू, रेफ्री, खेलाडी र प्रशिक्षकहरूको अनुमति, नवीकरण र अभिलेखीकरणको प्रणाली सुरु गरिनेछ। उमेर समूह अनुसारको व्यावसायिक खेल प्रशिक्षणको व्यवस्था गरी तल्लो तहदेखि नै खेलाडी उत्पादन गरिनेछ। विद्यालय, वडा र नगरस्तरीय प्रतियोगिताहरू आयोजना गर्दै उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडी, प्रशिक्षक र रेफ्रीहरूलाई नगरको तर्फबाट सम्मान र प्रोत्साहन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**सभाका सदस्यज्यूहरू,**

**स्वास्थ्य**

६३. नेपालको संविधानले प्रत्याभूत गरेको स्वास्थ्यसम्बन्धी मौलिक हकको कार्यान्वयन गर्दै स्वास्थ्यमा सर्वव्यापी पहुँच सुनिश्चित गर्न सबै तहका स्वास्थ्य संस्थाबाट तोकिएबमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराइनेछ र प्रवर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवालाई प्रभावकारी रूपमा लागु गरिने छ। साथै, पूर्णखोप पालिका सुनिश्चिततता तथा दिगोपना , किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था , पोषण मैत्री स्वास्थ्य संस्था ,पोषण मैत्री वडा, पोषण मैत्री पालिका घोषणा कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।

६४. नयाँ बेलहानी स्वास्थ्य चौकी आरूङ्गखोलामा नियमित तथा नवलपुर स्वास्थ्य चौकी कोल्हुवामा नगर अस्पतालको समन्वयमा चिकित्सकीय सेवा सञ्चालन गरिनेछ र नगर अस्पतालभित्र सञ्चालित सर्जिकल आँखा उपचार केन्द्र, दन्त सेवा, फिजिओथेरापी तथा विशेषज्ञ सेवालाई थप प्रभावकारी बनाई **नगर अस्पतालमा हरेक दिन एक विशेषज्ञ चिकित्सकिय सेवा** सञ्चालन गरिनेछ।

६५. ज्येष्ठ नागरिक, असहाय तथा अशक्त व्यक्तिहरूको विशेष स्वास्थ्य आवश्यकतालाई सम्बोधन गर्न नगर अस्पतालमा **विशिष्टीकृत जेरियाट्रिक सेवा** सञ्चालन गरिनेछ। यस अन्तर्गत ज्येष्ठ नागरिक, असहाय तथा

अशक्त व्यक्तिका लागि छुट्टै वार्ड स्थापना, विशेष हेरचाह तथा निगरानी सेवा, प्राथमिकताका आधारमा स्वास्थ्य परीक्षण तथा उपचार, र आवश्यक परामर्श तथा सहजीकरण सेवाको व्यवस्था गरिनेछ।

६६. स्वास्थ्य संस्थाहरूको सेवाको गुणस्तर अभिवृद्धि गर्न आवश्यक जनशक्ति, आधुनिक उपकरण व्यवस्थापन तथा भौतिक पूर्वाधार निर्माण एवं मर्मत-सम्भार कार्यलाई उच्च प्राथमिकता दिइनेछ। । नगर अस्पताल तथा स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाप्रति नागरिकको पहुँच र उपयोगिता वृद्धि गर्न समुदायस्तरमा स्वास्थ्य **सचेतना, बहस तथा पैरवी अभियान सञ्चालन गरिनेछ।**

६७. **'आमा सुरक्षा कार्यक्रम'** अन्तर्गत गर्भवती तथा सुत्केरी जाँच, सुत्केरी पोषण खर्च, पहाडी भेगका लागि यातायात अनुदान र घरमा शून्य सुत्केरी अभियानलाई निरन्तरता दिइनेछ। सेवाको पहुँचबाट टाढा रहेका दुर्गम बस्तीका गर्भवती आमा र बालबालिकाको मातृ-शिशु मृत्युदर घटाउन स्वास्थ्यकर्मीमार्फत **'ग्रामीण भिडियो एक्सरे घुम्ती सेवा'** विस्तार गरिनेछ।

६८. **'स्वस्थ सहर, कुपोषणरहित नगर'** कार्यक्रमअन्तर्गत बालबालिकाको पोषण अवस्थाको नियमित विश्लेषण तथा पोषणसम्बन्धी प्रवर्द्धनात्मक र प्रेरणामूलक कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालय दिवा खाजा कार्यक्रमलाई पोषणमैत्री र गुणस्तरीय बनाउन सचेतना तथा नियमित अनुगमन गरिनेछ। खाद्य सुरक्षा र स्वस्थ जीवनशैलीका लागि विषादीरहित, रैथाने एवं ताजा खाद्य पदार्थको उपभोगलाई प्रोत्साहन गर्दै नगरव्यापी **'भान्सा सुधार कार्यक्रम'** सञ्चालन गरिनेछ।

६९. एच.आई.भी./एड्स, यौनरोग तथा लागुपदार्थ दुर्व्यसन नियन्त्रणका लागि प्रहरी तथा गैरसरकारी संस्था संगको समन्वयामा किशोर–किशोरी लक्षित सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।क्षयरोग, कुष्ठरोग, एच.आई.भी./एड्स, यौनरोग, डेंगु, मलेरिया र सिकलसेल एनेमिया जस्ता सरुवा तथा जनस्वास्थ्यसंग सम्बन्धित रोग नियन्त्रणका लागि सघन कार्यक्रम सञ्चालन गरिनेछ। महामारी र स्वास्थ्य संकट व्यवस्थापनका लागि समुदायमा सचेतना, तत्काल औषधी र स्वास्थ्यकर्मीसहितको द्रुत प्रतिकार्य टोलीलाई तयारी अवस्थामा राखिनेछ।

७०. ४० वर्षभन्दा माथिका नागरिकमा नसर्ने रोगहरूको प्रारम्भिक पहिचान तथा नियन्त्रणका लागि सरकारी तथा निजी स्वास्थ्य संस्थासंगको समन्वयमा सचेतना तथा उच्च रक्तचाप, मधुमेह, मुटु, मिर्गौला, श्वासप्रश्वाससम्बन्धी रोग र पाठेघरको मुखको क्यान्सरको निःशुल्क स्क्रिनिङ सेवा समुदाय स्तरसम्म विस्तार गरिनेछ।

७१. बदलिँदो आधुनिक चिकित्सा एवं सूचना प्रविधिसँग आबद्ध गराउन स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविकाहरूको निरन्तर क्षमता अभिवृद्धि गरिनेछ। महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई पुनर्ताजगी तालिम र यातायात खर्च उपलब्ध गराइनेछ भने बिदाइ हुने स्वयंसेविकाहरूलाई सम्मानजनक पुरस्कार र प्रोत्साहनको व्यवस्था मिलाइनेछ। उत्कृष्ट कार्यसम्पादन गर्ने स्वास्थ्यकर्मीहरूलाई वस्तुनिष्ठ सूचकका आधारमा पुरस्कृत गरिनेछ।

७२. स्वास्थ्य बिमा कार्यक्रमलाई सबै नागरिकको पहुँचमा पुऱ्याउन आवश्यक सहजीकरण गर्दै विपन्न, द्वन्द्वपीडित परिवारहरूलाई निःशुल्क बिमामा समावेश गरिनेछ। नगरभित्र बसोबास गर्ने माझी, मुसहर र बोटे समुदायको शतप्रतिशत निःशुल्क स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७३. जेष्ठ नागरिकको सम्मान र खुसीलाई नगरको गौरव मान्दै उहाँहरूमा जीवनप्रतिको उत्साहबोध र नगरप्रतिको अपनत्व प्रगाढ बनाउन 'ज्येष्ठ नागरिकसँग नगर कार्यक्रम' लाई थप प्रभावकारी बनाइनेछ । यस अन्तर्गत स्वास्थ्यकर्मीहरू मार्फत ज्येष्ठ नागरिकहरूका लागि त्रैमासिक रूपमा घरदैलोमै निःशुल्क स्वास्थ्य परीक्षण र पूर्ण अपाङ्गता भएका नागरिकहरूका लागि मासिक स्वास्थ्य जाँच सेवालाई निरन्तर रूपमा अघि बढाइनेछ।

७४. आपतकालीन स्वास्थ्य सेवाका लागि सञ्चालित एम्बुलेन्स तथा शव व्यवस्थापनका लागि सञ्चालित शववाहन सेवालाई निरन्तरता दिँदै ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई नगर अस्पतालमा स्वास्थ्य परीक्षण तथा उपचार सेवामा सहज पहुँच सुनिश्चित गर्न निशुल्क विशेष सेवा बस सञ्चालन गरिनेछ ।

७५. स्वास्थ्य सेवामा डिजिटल सुशासनका लागि DHIS-2, eTB, PAMS र eHMIS जस्ता स्वास्थ्य सूचना प्रणालीहरूलाई व्यवस्थित र सुदृढ गरिनेछ।

७६. जनस्वास्थ्य सेवा ऐन, २०७५ र जनस्वास्थ्य नियमावली, २०७७ बमोजिम नगरभित्रका निजी अस्पताल, पोलिक्लिनिक, निदान केन्द्र र औषधि पसलहरूको नियमित अनुगमन, दर्ता तथा नवीकरण कार्यलाई कडाइका साथ नियमन गरी गुणस्तर सुनिश्चित गरिनेछ।

७७. असल अभ्यास सिकाईको लागि महिला स्वास्थ्य स्वयम्सेविका, स्वास्थ्यकर्मी लाई अध्ययन अवलोकनको लागि व्यवस्था मिलाइने छ।

७८. 'हरेक घर पोषणको लहरः स्वस्थ र सुन्दर हाम्रो सहर' को सङ्कल्पसहित 'पोषणमैत्री स्थानीय शासन' लाई संस्थागत गरिनेछ। यस अनुरूप सुनौलो हजार दिनका आमा, किशोरी र बालबालिकाको पोषण सुधारका लागि बहुक्षेत्रीय पोषण कार्यक्रमले निरन्तरता पाउनेछ। यसैगरी, सुनौलो हजार दिनका विपन्न महिलाहरूको पोषण सुरक्षा र आत्मनिर्भरताका लागि विशेष आयआर्जन तथा सीपमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**महिला, बालबालिका तथा समाज कल्याण**

७९. 'सीप र उद्यममा साझेदारी, लक्षित वर्गको आत्मनिर्भरता' को नीति अनुरूप महिला, एकल महिला, दलित, आदिवासी जनजाति, अल्पसंख्यक, पिछडावर्ग र बेरोजगार नागरिकहरूको व्यावसायिक क्षमता विकासका लागि सामूहिक सहभागितामा आधारित एकीकृत सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ, जसबाट उनीहरूको आर्थिक-सामाजिक सशक्तीकरण गरी गरीबी निवारणमा ठोस टेवा पुग्नेछ।

८०. 'आत्मसम्मान र पहिचान, मध्यविन्दुको साझा अभियान' अन्तर्गत आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका द्वन्द्वपीडित महिलाहरूलाई उद्यमशीलता र रोजगारीका विशेष अवसरहरूसँग जोड्दै आत्मनिर्भर बनाइनेछ भने लैङ्गिक अल्पसंख्यक नागरिकहरूको क्षमता विकास र सामाजिक सुरक्षाका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

नगर कार्यपालिकाको कार्यालय
मध्यबिन्दु, नवलपरासी (ब.सु.प.)
गण्डकी प्रदेश, नेपाल
२०७३

८१. 'कुरीतिमुक्त मध्यविन्दु, हिंसामुक्त सभ्य समाज' को सङ्कल्प साकार पार्न समाजमा व्याप्त लैङ्गिक हिंसा, बालविवाह, जातीय विभेद, छुवाछूत र सामाजिक कुप्रथाहरूलाई निर्मूल पार्न सघन सचेतना एवं कानुनी साक्षरता कार्यक्रम लागू गरिनेछ र किशोर-किशोरीहरूलाई लागूऔषध दुर्व्यसन र सामाजिक विकृतिबाट बचाउन विशेष अभियान सञ्चालन गरिनेछ।

८२. 'सबल किशोरी, सुरक्षित मध्यविन्दु' को लक्ष्य हासिल गर्न किशोरीहरूको सुरक्षा, आत्मविश्वास र नेतृत्वदायी क्षमताको विकास गर्न नगरव्यापी अभियान सञ्चालन गरिनेछ। यस अन्तर्गत विद्यालय तथा समुदाय स्तरका किशोरीहरूलाई आत्मरक्षा सम्बन्धी सीपमूलक तालिम प्रदान गरी उनीहरूको शारीरिक तथा मानसिक सशक्तीकरण गरिनेछ।

८३. 'हाम्रो सङ्कल्प, बालमैत्री मध्यविन्दु' लाई मूर्त रूप दिन जागृति बाल तथा युवा सरोकार नेपाल सँगको साझेदारीलाई नगरभित्रका बालक्लब, बालसञ्जाल, बालसंरक्षण समिति तथा वडा र नगर बालमैत्री समितिहरूको सबलीकरणमा उपयोग गरिनेछ। बालबालिकाहरूको अर्थपूर्ण सहभागिता र बालमैत्री गतिविधिहरूलाई तल्लो तहसम्म स्थानीयकरण गर्दै मध्यविन्दु नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा गर्ने अभियानलाई अगाडि बढाइनेछ।

८४. 'ज्येष्ठ नागरिकको सम्मान र अपाङ्गतामैत्री समाज निर्माण' का लागि ज्येष्ठ नागरिकहरूको अनुभव आदानप्रदान गर्न 'ज्येष्ठ नागरिक मिलन केन्द्र' को व्यवस्थापन गरिनेछ। अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकास र परिचयपत्र व्यवस्थापनलाई प्रविधिमैत्री बनाइनुका साथै यस क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूलाई नगरको कानुनी दायराभित्र पारदर्शी रूपमा कार्य गर्न नियमित नियमन गरिनेछ।

सामाजिक सुरक्षा तथा पञ्जीकरण

८५. बैंकसम्म पुग्न असमर्थ, अशक्त, असहाय तथा भौगोलिक रूपमा विकट क्षेत्रका लाभग्राहीहरूलाई घर/टोलमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण तथा नवीकरण गरिनेछ।

८६. सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ताका प्राविधिक एवं कानुनी समस्या समाधानका लागि वडा सचिव र दर्ता कर्मचारीहरूलाई तालिमको व्यवस्था गरिनेछ। साथै, पञ्जीकरणका तथ्याङ्कहरूको गोपनीयता र सुरक्षा सुनिश्चित गर्दै घटना दर्ता तथा भत्ता वितरणमा हुन सक्ने दोहोरोपन वा नक्कली लाभग्राही रोक्न यस प्रणालीलाई राष्ट्रिय परिचयपत्रसँग अन्तरआबद्ध गरिनेछ।

सभाका सदस्यज्यूहरू,

(३) पूर्वाधार विकास

सडक, सिँचाई तथा अन्य पूर्वाधार

८७. अपेक्षित विकास लक्ष्य हासिल गर्न स-साना योजनाले पर्याप्त योगदान दिन नसक्ने भएकाले नगरले गौरव गर्ने खालका ठूला तथा रणनीतिक पूर्वाधार योजनाहरूलाई प्राथमिकताका साथ क्रमशः सञ्चालन गरिनेछ, त्यस्ता योजनाका लागि पर्याप्त बजेट व्यवस्थापन गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ, साथै पूर्वाधार विकास कार्यलाई व्यवस्थित, योजनाबद्ध र दिगो बनाउन आगामी वर्ष सञ्चालन गरिने सम्भावित ठूला

आयोजनाहरू समेटेर 'आयोजना बैंक' तयार गर्दै क्रमशः कार्यान्वयनतर्फ लगिनेछ। साथै, नगरभित्र 'एक वडा **एक गौरव पूर्वाधार आयोजना'** अवधारणा अनुसार प्राथमिकताप्राप्त आयोजनाहरू कार्यान्वयन गरिनेछ।

८८. विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भएका आयोजनाहरूको स्रोत सुनिश्चितताका लागि संघ, प्रदेश सरकार तथा विकास साझेदार संस्थासँग समन्वय र सहकार्य गर्ने कार्यलाई निरन्तरता दिइनेछ, साथै नगर गौरवका आयोजनाहरूको पहिचान गरी ती आयोजनाहरूलाई बहुवर्षीय योजना प्रणालीमार्फत स्रोत सुनिश्चितता सहित क्रमशः कार्यान्वयन गर्ने व्यवस्थालाई समेत निरन्तरता दिइनेछ।

८९. नगरपालिकाको समग्र भौतिक पूर्वाधार व्यवस्थापनलाई प्रविधिमैत्री बनाउन GIS प्रणालीको प्रयोग गरी वडा सीमाना, सडक सञ्जाल, सडक अधिकार क्षेत्र (Right of Way), सार्वजनिक सम्पत्ति तथा पूर्वाधारको डिजिटल अभिलेखीकरण गरिनेछ। साथै सिस्टमेटिक घर नम्बरिङ तथा GPS आधारित भौतिक तथा डिजिटल ठेगाना प्रणाली विकास गर्ने नीति अनुसार प्रारम्भिक रूपमा २ वटा वडामा कार्य सुचारु गरिनेछ।

९०. नगरभित्र सञ्चालन भएका तथा प्रस्तावित सडक, पुल, भवन, नाली, खानेपानी लगायतका संरचनाहरूको डिजिटल पूर्वाधार अभिलेख **(Infrastructure Asset Register)** तयार गरी नियमित अद्यावधिक गरिनेछ।

९१. निर्माण कार्यको गुणस्तरीयता सुनिश्चित गर्न बोलपत्र प्रक्रियाबाट तथा उपभोक्ता समितिमार्फत सञ्चालन हुने आयोजनाहरूको ल्याब परीक्षण, प्राविधिक अनुगमन तथा गुणस्तर नियन्त्रण कार्यलाई अझ प्रभावकारी बनाइनेछ, साथै निर्माण कार्यमा संलग्न निर्माणकर्मी तथा प्राविधिक कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न समयानुकूल तालिम, प्राविधिक सहायता र सीप विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ, त्यस्तै निर्माण व्यवसायी/रोजगारदातामार्फत निर्माण क्षेत्रमा कार्यरत मजदुरहरूको दुर्घटना बीमा अनिवार्य गराउन आवश्यक सहजीकरण गर्दै सुरक्षामैत्री निर्माण वातावरण प्रवर्द्धन गरिनेछ।

९२. नगरभित्रका जीर्ण, क्षतिग्रस्त तथा जोखिमयुक्त सडक, पुल तथा सार्वजनिक संरचनाहरूको नियमित मर्मत सम्भारका लागि मर्मत सम्भार कोषलाई सुदृढ गरिनेछ, नगरपालिकाका मर्मत गर्न आवश्यक देखिएका पक्की तथा ग्राबेल सडकहरूलाई तत्काल मर्मत गरी खाल्टाखुल्टी रहित सडक निर्माणलाई विशेष प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ, साथै नगरपालिकाले सञ्चालन गरेका अधुरा तथा बहुवर्षीय योजनाहरूलाई उच्च प्राथमिकतामा राखी समयमै सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ र योजना सार्ने प्रवृत्तिलाई क्रमशः न्यूनीकरण गरिनेछ।

९३. नगरभित्र निर्माण हुने सार्वजनिक संरचनाहरूमा हरित पूर्वाधार (Green Infrastructure), वर्षा पानी संकलन प्रणाली, ऊर्जा दक्षता तथा वातावरणीय मापदण्डलाई अनिवार्य रूपमा अवलम्बन गरिनेछ, साथै भवन तथा पूर्वाधार निर्माणमा वातावरणमैत्री डिजाइन, प्राकृतिक स्रोतको दिगो उपयोग, ऊर्जा खपत न्यूनीकरण गर्ने प्रविधि तथा जलवायु परिवर्तन अनुकूलनका उपायहरूलाई समावेश गरिनेछ, सार्वजनिक संरचनाहरूमा हरियाली विस्तार, खुला क्षेत्र संरक्षण तथा पैदलमैत्री र पहुँचयुक्त (inclusive) पूर्वाधार विकासलाई समेत प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

९४. कृषि उत्पादन वृद्धि तथा वर्षभरि सिँचाइ सुविधा विस्तारका लागि सतह तथा भूमिगत जलस्रोतको संरक्षण, विकास र उपयोगमा आधारित सिँचाइ पूर्वाधार निर्माण तथा विस्तार गरिनेछ, साथै परम्परागत कुलो, नहर तथा सिँचाइ प्रणालीहरूको संरक्षण, मर्मत, स्तरोन्नति तथा पुनःनिर्माण कार्यलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ।

९५. कृषियोग्य जमिनमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यले लिफ्ट सिँचाइ, डिप बोरिङ, सोलार सिँचाइ तथा आधुनिक प्रविधिमा आधारित सिँचाइ प्रणाली विस्तार गरिनेछ, साथै सिँचाइ आयोजना सञ्चालन तथा व्यवस्थापनमा उपभोक्ता समिति, जल उपभोक्ता समूह तथा कृषक समुदायको सहभागिता सुनिश्चित गर्दै जलवायु परिवर्तनका कारण उत्पन्न हुने खडेरी तथा पानी अभाव न्यूनीकरण गर्न जलाशय, पोखरी, वर्षा पानी संकलन तथा पानी पुनर्भरण (Recharge) कार्यक्रम समेत सञ्चालन गरिनेछ।

९६. "उज्यालो मध्यबिन्दु" अवधारणालाई अगाडि बढाउँदै नगर क्षेत्रभित्र सुरक्षित, भरपर्दो, गुणस्तरीय तथा पहुँचयुक्त विद्युत सेवा विस्तार गरिनेछ, साथै मुख्य सडक, बजार क्षेत्र, धार्मिक तथा पर्यटकीय स्थल, सार्वजनिक स्थान तथा जोखिमयुक्त क्षेत्रमा चरणबद्ध रूपमा स्मार्ट सडक बत्ती (Street Lighting) विस्तार गरी उज्यालो नगर निर्माण अभियानलाई तीव्रता दिइनेछ।साथै,आरुङ्गखोला बजार क्षेत्र, चोरमारा बजार क्षेत्र, कोल्हुवा बजार क्षेत्रम High Mast Light जडान गरिने छ, उक्त क्षेत्रहरुमा CCTV जडान गरी शहरको सुरक्षा,नदीजन्य पदार्थको चोरी निकासी नियन्त्रणमा समेत उपयोग गरिनेछ ।

९७. ऊर्जा बचत तथा हरित ऊर्जाको प्रवर्द्धनका लागि सौर्य ऊर्जा (Solar System), सौर्य सडक बत्ती तथा वैकल्पिक ऊर्जा प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ, साथै विद्युत आपूर्तिलाई सुरक्षित, व्यवस्थित तथा प्रभावकारी बनाउन जीर्ण पोल, तार तथा वितरण प्रणालीको स्तरोन्नति गरिनेछ।

९८. औद्योगिक, कृषि तथा साना उद्यम क्षेत्रमा विद्युत पहुँच विस्तार गरी उत्पादन तथा रोजगारी प्रवर्द्धनमा सहयोग पुऱ्याइनेछ, साथै विद्युत पूर्वाधार विकास तथा "उज्यालो मध्यबिन्दु" अभियानलाई प्रभावकारी बनाउन संघ, प्रदेश, नेपाल विद्युत प्राधिकरण तथा विकास साझेदार निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

९९. वैकल्पिक उर्जा प्रवर्धन केन्द्रको समन्वय र सहकार्यमा नगरवासीलाई विद्युतीय चुल्लो वितरण गरिनेछ।

१००. नदी कटान रोकथामका लागि नारायणी नदी, गिरुवारी खोला, आरूङ्गखोला, उल्टी खोलालगायत अन्य साना तिना खोलाहरूको नियन्त्रण र रोकथामका लागि तटबन्धन निर्माण गर्ने कार्यलाई थप योजनाबद्ध बनाउँदै निरन्तरता दिइनेछ।

१०१. गडार खोलामा वर्षायाममा हुने असहजता तथा आवागमनमा पर्ने समस्यालाई न्यूनीकरण गर्न फलामे पुल निर्माण गरिनेछ, जसका लागि आवश्यक स्थान पहिचान गरी प्राथमिकताका आधारमा कार्यान्वयन गरिनेछ।

१०२. सडक दुर्घटनाका सम्भावित क्षेत्रहरुको पहिचान गरी जोखिम न्यूनीकरणका लागि सडक सुरक्षा सम्बन्धी निर्माण कार्यलाई जोड दिइनेछ।साथै सबै वडाहरुमा सहज सवारी आवागमनका लागि बाह्रै महिना सवारी साधन चल्ने All Weather Rural Road कार्यक्रमलाई निरन्तरता दिइनेछ।आरूङ्गखोला बहु उद्देश्यीय परियोजना मध्यविन्दु १० को कार्यान्वयन गर्न पहलकदमी लिइनेछ ।

१०३. पूर्वाधार निर्माणमा जनस्वामित्व तथा अपनत्व अभिवृद्धि गर्न न्यूनतम १० प्रतिशत जनसहभागिता कायम गरिनेछ। भौगोलिक विकटता भएका क्षेत्रमा आवश्यक लचकता अपनाइनेछ।

**सभाका सदस्यज्यूहरू,**

**भवन तथा बस्ती विकास**

१०४. नगरभित्र निर्माण हुने भवन तथा संरचनाहरुको निर्माण कार्यलाई प्रचलित भवन संहिता (Building Code), मापदण्ड तथा भूकम्प प्रतिरोधी प्रविधिअनुसार अनिवार्य रूपमा कार्यान्वयन गरिनेछ।

१०५. सार्वजनिक पूर्वाधार तथा भवन निर्माणलाई अपाङ्गमैत्री, बालमैत्री तथा ज्येष्ठ नागरिकमैत्री बनाउने नीति अवलम्बन गरिनेछ, साथै सार्वजनिक भवन, विद्यालय, स्वास्थ्य संस्था, सेवा केन्द्र तथा सामुदायिक संरचनाहरूलाई समेत सोही मापदण्डअनुसार अपाङ्गमैत्री, बालमैत्री तथा ज्येष्ठ नागरिकमैत्री ढाँचामा निर्माण गरिनेछ।

१०६. नगरपालिकाभित्र रहेका ऐतिहासिक तथा सांस्कृतिक महत्वका भवनहरूको संरक्षण गर्ने र नव–निर्मित भवनहरूमा सांस्कृतिक तथा परम्परागत वास्तुकलाको प्रवर्द्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ, साथै शहरी सौन्दर्य अभिवृद्धिका लागि मुख्य सडक, चोक तथा सार्वजनिक स्थानहरूमा भवनको अग्रभागमा आकर्षक तथा समानरुपी डिजाइन प्रवर्द्धन गर्दै रंग संयोजन, हरियाली व्यवस्थापन तथा खुला स्थानहरूको सौन्दर्यकरणलाई समेत प्राथमिकता दिँदै कार्यान्वयन गरिनेछ।

१०७. निजी घरहरूको निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न "निजी भवन निर्माण व्यवसायी सूचिकृत सम्बन्धी कार्यविधि, २०८२" कडाइका साथ लागू गरिनेछ, जसअनुसार नगरपालिकामा सूचीकरण प्राप्त गरेका निर्माण व्यवसायीहरूद्वारा मात्र निर्माण कार्य गर्न पाइने व्यवस्था मिलाइनेछ, साथै ती निर्माण व्यवसायीहरूलाई निर्माणसम्बन्धी प्रविधि, मापदण्ड तथा सुरक्षासम्बन्धी आवश्यक तालिम प्रदान गर्दै प्रभावकारी अनुगमनमार्फत कार्यान्वयनलाई थप सुदृढ गरिनेछ।

१०८. आर्थिक रूपमा अति विपन्न तथा विपद् प्रभावित परिवारहरूको आवासीय आवश्यकतालाई सम्बोधन गर्न "जनता आवास कार्यविधि, २०८१" लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ, जसअन्तर्गत आवास निर्माण, सुधार तथा पुनःनिर्माण कार्यलाई व्यवस्थित गर्दै आवश्यक समुचित सहयोग प्रदान गरिनेछ।

१०९. प्रत्येक वडाको खुला क्षेत्रमा स्थानीय कला, संस्कृति र पहिचान झल्किने खालका काठको कलात्मक वातावरणमैत्री **सद्भाव छहारी** निर्माण गरिनेछ । सामुदायिक वन समूहहरूसँग सहकार्य गरी काठ तथा स्थानीय स्रोतको उपयोगमार्फत वातावरणमैत्री प्रतिक्षालय, सार्वजनिक संरचना, आवास निर्माण तथा साना पूर्वाधारहरूको निर्माणलाई प्रोत्साहन गर्दै स्थानीय स्रोत, सीप र संस्कृतिको प्रवर्द्धन गरिनेछ।

११०. नगरभित्रका पार्क तथा हरित्त क्षेत्रहरूको संरक्षण, स्तरोन्नति तथा व्यवस्थित सञ्चालन गरिनेछ, साथै विशेष गरी वडा नं. ७ स्थित खुसी पार्कलाई सञ्चालन कार्यविधि बनाई व्यवस्थित रूपमा सञ्चालन गरिनेछ र सोही

पार्कलाई पूर्ण रूपमा सम्पन्न गरी नगर स्तरीय सार्वजनिक पार्कका रूपमा विकास गरिनेछ। साथै, ब्रह्मस्थान पार्कलाई समेत नगर स्तरीय सार्वजनिक पार्कका रूपमा विकास गरिनेछ।

१११. नगरपालिकाको नामकरणको मुख्य आधार बनेको पूर्व-पश्चिम राजमार्गको ठिक बीच भाग (केन्द्रविन्दु) मा निर्माणाधीन **'मध्यविन्दु स्तम्भ र पहिचान पार्क'** को निर्माण कार्य आगामी आर्थिक वर्षभित्रै सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ। नगरको विशिष्ट पहिचान झल्किने यस स्थललाई व्यवस्थित र आकर्षक चिनारी केन्द्रका रूपमा विकास गर्न एकीकृत पूर्वाधार अन्तर्गत पार्किङ स्थल, आधुनिक सार्वजनिक शौचालय, विश्राम स्थल, चिया तथा कफी स्टल, हरित क्षेत्र र सूचना केन्द्र निर्माण गरिनेछ; जसबाट राजमार्गमा यात्रा गर्ने आम नागरिक र पर्यटकहरूले यात्राका क्रममा रोकिने, जलपान गर्ने र ठीक मध्यभागमा आइपुगेको सम्झनास्वरूप तस्बिर एवं सेल्फी खिच्ने अनुकूल वातावरण तयार हुनेछ।

भूमि व्यवस्थापन

११२. **'सुरक्षित आवास, व्यवस्थित बसोबास'** को नीति अनुरूप हालसम्म वडा नं. १, ३, ५, ६, ७, ८, १०, ११ र १५ मा ऐलानी जग्गा नाप-नक्साको कार्य सम्पन्न भइसकेको पृष्ठभूमिमा कानुनी जटिलताका कारण बाँकी रहेका क्षेत्रहरूको नापजाँच कार्यलाई पुनः सुचारु गरिनेछ; यस प्रक्रिया मार्फत नगरभित्रका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको लगत तथा प्राविधिक प्रक्रियाहरू पूर्ण रूपमा टुङ्गो लगाई सङ्घीय सरकारबाट स्पष्ट निर्णय हुनासाथ तत्काल लालपुर्जा वितरण गर्न सक्ने गरी नगरपालिकाले सम्पूर्ण पूर्वतयारी पुरा हुने गरी उपयुक्त प्रबन्ध मिलाइनेछ ।

११३. **'सार्वजनिक जग्गाको संरक्षण, भूउपयोग योजनाको पूर्ण कार्यान्वयन'** को सङ्कल्पसहित नगर क्षेत्रभित्र रहेका सम्पूर्ण सार्वजनिक तथा सरकारी जग्गाहरूको लगत अद्यावधिक गरी अतिक्रमण नियन्त्रण र संरक्षण कार्यलाई तिव्रता दिइनेछ। साथै, नगरको दीर्घकालीन विकास र व्यवस्थित सहरीकरणका लागि स्थानीय भूउपयोग योजनालाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ।

११४. संघीय सरकारसँग माग गरिएको भूमि प्रशासन तथा नापी सेवा सञ्चालनका लागि छनोट भई आएपश्चात नागरिकलाई स्थानीय तहबाटै एकीकृत रूपमा छिटो, छरितो र विश्वसनीय सेवा प्रवाह गर्न आवश्यक सङ्गठनात्मक संरचना, प्रविधिको आन्तरिकीकरण र सुरक्षित अभिलेख कक्षको पूर्वतयारी सहित उचित व्यवस्थापन मिलाइनेछ।

सभाका सदस्यज्यूहरू,

(४) वन, वातावरण तथा विपद व्यवस्थापन

११५. **'हरियो वन, मध्यविन्दुको धन'** को नारालाई आत्मसात गर्दै **'एक सामुदायिक वन, एक वन वाटिका'** कार्यक्रमलाई निरन्तरता दिइनेछ। वन वाटिकाहरूमा कंक्रिटका संरचना सट्टा काठ र परम्परागत टायल जस्ता पर्यावरणमैत्री सामग्रीको प्रयोगलाई प्रोत्साहन गरिनेछ। सम्बद्ध निकायसँगको साझेदारीमा नर्सरी विस्तार गरिनुका साथै खुला एवं सार्वजनिक स्थलहरूमा चौतारी, प्रतिक्षालय र विश्रामस्थल निर्माण कार्यलाई विशेष प्राथमिकता दिइनेछ।

११६. 'सुरक्षित नदी तटीय क्षेत्र, दिगो पर्यावरण' को सङ्कल्पसहित नारायणी नदी, गिरुवारी खोला र अरुणखोलामा तटबन्ध निर्माणका लागि सङ्घ, प्रदेश र चुरे संरक्षण समितिसँग सघन समन्वय गरिनेछ। भूक्षय सम्भावित क्षेत्रमा जैविक इन्जिनियरिङ (Bio-Engineering) प्रविधि लागू गरिनेछ भने नदीजन्य पदार्थको उत्खनन तथा सङ्कलन कार्यलाई व्यवस्थित र नियमन गर्न विशेष रणनीति अवलम्बन गरिनेछ।

११७. 'जलीय जीवनको संरक्षण, जैविक विविधताको प्रवर्द्धन' का लागि नगरभित्रका खोला तथा नदीहरूमा विषादी हाल्ने र करेन्ट लगाउने अवैध प्रवृत्तिलाई पूर्ण रूपमा निरुत्साहित गरिनेछ। परम्परागत र सुरक्षित तवरले माछा मार्ने कार्यलाई व्यवस्थित गर्न निश्चित मापदण्डका आधारमा इजाजतपत्र (License) प्रणाली सुरु गरिनेछ।

११८. 'वन र वन्यजन्तुको सुरक्षा, मध्यविन्दुबासीको रक्षा' को लक्ष्यसहित विनाशकारी डढेलो नियन्त्रणका लागि स्थानीय सामुदायिक वन र वन कार्यालयहरूसँग सघन समन्वय गरिनेछ। चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रबाट प्रवेश गर्ने वन्यजन्तु नियन्त्रण र मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि मध्यवर्ती क्षेत्रमा विद्युतीय तारबार तथा पर्खाल निर्माणमा निकुञ्ज र सरोकारवालासँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

११९. 'वातावरणमैत्री विकास, मध्यविन्दुको दिगो निकास' को नीति अनुरूप नगरपालिकाभित्र सञ्चालन हुने ठूला पूर्वाधार र औद्योगिक आयोजनाहरूको निर्माण सुरु गर्नुपूर्व वातावरणीय प्रभाव मूल्याङ्कन (EIA/IEE) गर्ने कानुनी व्यवस्थालाई अनिवार्य रूपमा अवलम्बन गरिनेछ।

१२०. 'विपद् उत्थानशील नगर, सुरक्षित मध्यविन्दुका घर' को प्रतिज्ञा पूरा गर्न 'नगरस्तरीय विपद् तथा जलवायु उत्थानशील योजना' बमोजिम संवेदनशील क्षेत्रहरूमा विपद् कोषबाट कार्यक्रम सञ्चालन गरिनेछ। आगलागी जस्ता संकटमा तत्काल उद्धारका लागि छिमेकी स्थानीय तहहरूसँगको आपसी सहकार्यमा बारुणयन्त्र (दमकल) को चुस्त व्यवस्थापन र परिचालन गरिनेछ।

सरसफाइ तथा फोहरमैला व्यवस्थापन

१२१. 'सफा मध्यविन्दु, हाम्रो अभिभारा' भन्ने मूल उद्देश्यका साथ स्रोतमै फोहोर वर्गीकरण गर्ने अभ्यासलाई अनिवार्य बनाइनेछ। फोहोर संकलन र ढुवानी प्रणालीलाई आधुनिक र पारदर्शी बनाउन जीपीएस (GPS) र डिजिटल वेष्ट म्यानेजमेन्ट सिस्टम (DWMS) लाई थप सुदृढ गरिनेछ। साथै, सामग्री पुनःप्राप्ति केन्द्र (MRF) लाई प्रविधिमैत्री बनाउँदै टोल विकास संस्था, विद्यालय र निजी क्षेत्रको सहभागितामा हरित अभियान विस्तार गरिनेछ।

१२२. 'प्राङ्गारिक मलको प्रयोग, स्थानीय स्रोत साधनको सदुपयोग' एवम् 'फोहोरबाट मोहर, कृषिमा सुधार' को नीति अनुरूप सरसफाइ प्रवर्द्धन केन्द्र र वन समितिको सहकार्यमा जैविक फोहोर सङ्कलन गरी कम्पोस्ट मल उत्पादनमा वृद्धि गरिनेछ। उत्पादित मललाई कृषि शाखासँग समन्वय गरी माटोको उर्वराशक्ति सुधारमा उपयोग गरिनेछ। वडा स्तरबाटै मल वितरण गर्ने व्यवस्थालाई निरन्तरता दिँदै यस कार्यक्रममा सहभागी सदस्यहरूलाई मल खरिदमा प्रदान गरिँदै आएको छुटलाई यथावत् कायम राखिनेछ।"

१२३. "प्लाष्टिक हटाऔं, मध्यविन्दुलाई सफा र सुन्दर बनाऔं" को सङ्कल्पसहित सरसफाइ सेवा शुल्क सङ्कलनमा ८५ प्रतिशतभन्दा बढी प्रगति हासिल गर्ने टोल विकास संस्थाहरूलाई प्रोत्साहन रकम उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ। साथै, गत आर्थिक वर्षमा उत्कृष्ट कार्य सम्पादन गरेका टोलहरूमा प्लाष्टिक पूर्ण रूपमा विस्थापन गर्न 'एक घर, एक कपडाको झोला' कार्यक्रम सञ्चालन गरिनेछ।

१२४. 'नियमको पालना, स्वच्छ नगरको परिकल्पना' लाई आत्मसात गर्दै 'फोहोरमैला व्यवस्थापन ऐन, २०७९' को प्रभावकारी कार्यान्वयन गरिनेछ। स्रोतमै फोहोर वर्गीकरण नगर्ने, सार्वजनिक स्थलमा फोहोर फ्याँक्ने र अनधिकृत रूपमा फोहोर जलाएर वातावरण प्रदूषण गर्ने व्यक्ति वा संस्थालाई कानुनी दायरामा ल्याइनेछ।

**(५) संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

**मानब संशाधन विकास तथा संस्थागत क्षमता विकास**

१२५. "उत्तरदायी प्रशासन, मध्यविन्दुको पहिचान" भन्ने सङ्कल्पसहित नगरपालिकाको कार्यसम्पादनलाई पारदर्शी बनाउन 'क्षतिपूर्ति सहितको नागरिक वडापत्र' लाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याइनेछ। नागरिकप्रतिको जवाफदेहिता सुनिश्चित गर्न सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणलाई निरन्तरता दिइनेछ।

१२६. "डिजिटल सेवा, समावेशी व्यवहार"को मुख्य नारासहित परम्परागत सेवा प्रवाहलाई आधुनिकीकरण गर्न 'Digital Demand, Digitally Serve' को नीति अनुरूप चरणबद्ध रूपमा प्रविधिसँग आबद्ध गराइनेछ। यस प्रकारको सेवालाई ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त नागरिकहरूका लागि सहज बनाई स्थानीय सरकारमा सबैको साझा अपनत्व कायम गरिनेछ।

१२७. "सक्षम जनशक्ति, सुदृढ सेवा" को मर्मलाई आत्मसाथ गर्दै जनशक्तिको संस्थागत क्षमता अभिवृद्धिका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ। प्रशासनिक दक्षता र सेवाको गुणस्तर बढाउन कर्मचारीहरूको कार्यक्षमता, दक्षता र रुचिको वस्तुनिष्ट मूल्याङ्कनका आधारमा पदस्थापन तथा जिम्मेवारी हेरफेरको नीति अवलम्बन गरिनेछ।

१२८. "सहकार्य र समन्वय, विकासमा अपनत्व" बढाउने उद्देश्यका साथ विकास र समृद्धिको साझा लक्ष्य हासिल गर्न संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरूसँग आपसी समन्वय र समझदारी सुदृढ गरिनेछ। तीन तहकै सरकारहरूबीच पारस्परिक सहकार्य र रणनीतिक समन्वयका लागि सबल 'अन्तर-सम्बन्ध समन्वय तथा सहकार्य नीति' तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

**सभाका सदस्यज्यूहरु,**

**वित्तीय जोखिम न्यूनीकरण, लेखा परीक्षण तथा बेरुजु फछ्यौंट**

१२९. "कारोवारको पारदर्शिता, नागरिकप्रतिको जवाफदेहिता" भन्ने मूल मर्मका साथ नगरपालिकाले तयार गर्नुपर्ने मासिक, चौमासिक तथा वार्षिक प्रतिवेदनहरू समयमै तयार गरी तोकिएका निकायहरूमा सम्प्रेषण गरिनेछ। वित्तीय सुशासनलाई संस्थागत गर्न नगरपालिकाको मासिक आय र व्ययको विवरण वेबसाइटमार्फत नियमित रूपमा सार्वजनिक गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

१३०. "मितव्ययी खर्च, दिगो विकासको आधार" को नीति अङ्गीकार गरी सार्वजनिक बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यतालाई मुख्य कडी बनाइनेछ। नगरको आर्थिक क्रियाकलापमा पारदर्शिता ल्याउँदै स्रोत र साधनको उच्चतम उपयोगमार्फत सम्भावित वित्तीय जोखिम न्यूनीकरणमा विशेष जोड दिइनेछ।

१३१. "चुस्त प्रणाली, बेरुजु शुन्य पालिका" को संकल्पसहित आर्थिक वर्षको अन्त्यमा देखिने बेरुजुलाई न्यूनीकरण गर्न कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ। नगरपालिकाका सबै शाखाहरू र वडा कार्यालयहरूले खर्चका स्वीकृत मापदण्ड एवं कार्यविधिहरूको पूर्ण रूपमा अनुसरण गर्ने व्यवस्था मिलाइनेछ र यसका लागि सम्बद्ध जनशक्तिको क्षमता विकास गरिनेछ।

**राजश्व परिचालन तथा वित्तीय व्यवस्थापन**

१३२. "फराकिलो दायरा, बलियो पूर्वाधार" भन्ने सङ्कल्पसहित मध्यविन्दु नगरपालिकाको राजश्व सुधार कार्ययोजना बमोजिम सरोकारवालाहरूको राय-सुझावका आधारमा राजश्वको क्षेत्र तथा दायरा विस्तार गरी आन्तरिक स्रोत वृद्धिका नयाँ सम्भावनाहरूको खोजी गरिनेछ र यसका लागि व्यापक करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

१३३. "करदाताको सम्मान, व्यवसायको प्रवर्धन" को नीति लिई विगतदेखि सञ्चालनमा रहेका तर दर्ता हुन बाँकी रहेका तथा घुम्ती व्यवसायहरूलाई करको दायरामा ल्याइनेछ। अधिकतम कर सहभागिता सुनिश्चित गर्न निजी क्षेत्रको सहकार्यमा 'एकीकृत घुम्ती सेवा' सञ्चालन गरिनेछ ।

१३४. "वडाबाटै कर, सुरक्षित बजार" भन्ने मूल मर्मका साथ सामान्य प्रकृतिका उद्योग व्यवसायहरूको वर्गीकरण गरी वडा कार्यालयहरूबाटै व्यवसाय दर्ता तथा नवीकरण गर्न सकिने हालको व्यवस्थालाई निरन्तरता दिइनेछ। साथै, उपभोक्ता हित संरक्षणका लागि बजार अनुगमन कार्यलाई थप प्रभावकारी र नियमित बनाइनेछ।

१३५. "पारदर्शी राजश्व, सरल भुक्तानी" को नीति अख्तियार गरी राजश्व प्रशासनलाई चुस्त, सरल र करदातामैत्री बनाउन विद्युतीय भुक्तानी प्रणाली (E-Payment) लाई प्रभावकारी बनाइनेछ। अनलाइन राजश्व भुक्तानी सम्बन्धी सचेतनाका लागि श्रव्य-दृश्य सामग्री निर्माण गरिनेछ भने राजश्व संकलन केन्द्रहरूको नियमित अनुगमन र कर्मचारीहरूको क्षमता अभिवृद्धि गरिनेछ।

१३६. "दिगो स्रोत, वैज्ञानिक कर" को अवधारणा अनुरूप आन्तरिक आय वृद्धिका लागि नगरक्षेत्र भित्र रहेका प्राकृतिक स्रोत र साधनहरूको वातावरणीय सन्तुलन कायम हुने गरी समुचित प्रयोग र दिगो व्यवस्थापन गरिनेछ। साथै, घरबहाल कर सङ्कलन प्रणालीलाई जनमैत्री बनाउनका लागि कृषि, आवासीय र व्यावसायिक विधामा वर्गीकरण गरी कर निर्धारण गरिनेछ।

१३७. "समावेशी कर, राज्यको साथ" भन्ने भावनाका साथ एकल महिला, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख तथा सीमान्तकृत समुदायका उद्यमीहरूलाई प्रोत्साहित गर्न व्यवसाय दर्ता शुल्कमा प्रदान गरिँदै आएको २५

प्रतिशत छुटको व्यवस्थालाई निरन्तरता दिइनेछ। साथै, वैदेशिक अध्ययनमा जाने विद्यार्थीहरूको कागजातका आधारमा सम्पत्ति मूल्याङ्कन गर्दा लाग्ने करमा दिइएको ५० प्रतिशत छुटलाई निरन्तरता दिइनेछ।

१३८. **"स्वदेशी श्रम, विपद्‌मा राहत"** को नीति अवलम्बन गरी कृषि तथा पशुपन्छी उद्यमीहरूलाई प्रोत्साहन गर्न दर्ता तथा नवीकरण शुल्कमा विशेष सहुलियत प्रदान गरिनेछ। १० जनाभन्दा बढी नागरिकलाई प्रत्यक्ष रोजगारी दिने कृषि व्यवसायलाई दर्ता शुल्कमा पूर्ण छुट र नवीकरणमा २ वर्षसम्म ५० प्रतिशत छुट दिइनेछ भने प्राकृतिक प्रकोप वा विषम परिस्थितिमा नवीकरण शुल्कमा ५० प्रतिशत छुटको व्यवस्था मिलाइनेछ।यसैगरी पछिल्लो पाँच वर्षयता वैदेशिक रोजगारीमा रही स्वदेश फर्केका नगरवासीहरूले साना तथा मझौला व्यवसाय गर्न चाहेमा सोको दर्ता निशुल्क गर्ने व्यवस्था मिलाइनेछ ।

१३९. संघीय नीति बमोजिम आन्तरिक राजस्व कार्यालयबाट सम्पादन हुँदै आएका स्थायी लेखा नम्बर (PAN) वितरण तथा ३० लाख सम्मको कारोवार हुने व्यवसाय ($D_{01}$) को करचुक्ता विवरण स्थानीय तहबाटै प्रारम्भ गर्न आवश्यक प्राविधिक पूर्वाधार र प्रणालीगत आबद्धताको प्रबन्ध मिलाइनेछ ।

सभाका सदस्यज्यूहरु,

सूचना प्रविधि

१४०. **"प्रविधिको सञ्चार, डिजिटल मध्यविन्दुको आधार"** अन्तर्गत सबै वडा र नगरपालिकाका सेवाहरूलाई अनलाइन प्रणालीमा आबद्ध गरी उच्च गतिको डिजिटल पूर्वाधार र नागरिकमैत्री ई-गभर्नेन्स विस्तार गरिनेछ।

१४१. **"सुरक्षित नेटवर्क, सुरक्षित डाटा"** को नीति अनुरूप नगरपालिकाको सूचना प्रणाली र डाटा सुरक्षाका लागि साइबर सुरक्षा मापदण्ड, नियमित ब्याकअप र सुरक्षा परीक्षण प्रणाली लागू गरिनेछ।

१४२. **"आधुनिक सीप, युवा र नगरको प्रगति"** अन्तर्गत युवा र उद्यमीहरूलाई लक्षित गरी कृत्रिम बुद्धिमत्ता (AI), डिजिटल मार्केटिङ र वेब डिजाइन जस्ता बजारमुखी डिजिटल सीपमूलक तालिम सञ्चालन गरिनेछ।

१४३. **"सजग नागरिक, सुरक्षित मध्यबिन्दु"** को नारासहित सार्वजनिक सुरक्षालाई प्रविधिमैत्री बनाउन नगरक्षेत्रको CCTV प्रणालीको स्तरोन्नति र विस्तार गर्दै सुरक्षा निकायहरूसँगको समन्वयलाई सुदृढ बनाइनेछ।

१४४. **"प्रविधिको सही प्रयोग, सञ्चारमा नागरिक सहयोग"** भन्ने मूल मर्मका साथ नागरिक र नगरपालिकाबीचको सूचना प्रवाहलाई तीव्र, पारदर्शी एवम् उत्तरदायी बनाउन चालु वर्षदेखि सुरु गरिएको डिजिटल सञ्चार प्रणालीलाई थप प्रभावकारी रूपमा निरन्तरता दिइनेछ। नगरपालिकाका विशेष सूचना, महत्त्वपूर्ण पर्वका शुभकामना र जनहितकारी घोषणाहरू आम नागरिकको हातहातमा पुऱ्याउन मोबाइल SMS सेवा, सामाजिक सञ्जाल, वेबसाइट र मोबाइल एप्लिकेशनको उपयोगलाई अझ व्यापक र अद्यावधिक बनाइनेछ।

(६) न्यायिक समिति तथा कानून

१४५. नेपालको संविधान बमोजिम निर्माण गर्नुपर्ने स्थानीय कानुनहरूको तर्जुमा प्रक्रियालाई तीव्रता दिइनेछ। संघ तथा प्रदेश कानुनसँग बाझिएका स्थानीय कानुनहरूको संशोधन प्रक्रिया अगाडि बढाउनुका साथै निर्मित

कानुनहरूको बारेमा आम नागरिक र सरोकारवालाहरूलाई सुसूचित गराउन प्रभावकारी कानुनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१४६. **"सुलभ न्याय, सुरक्षित समाज"** को नीति अख्तियार गरी न्यायिक समितिको क्षेत्राधिकारका विषयमा आम नागरिकलाई जानकारी गराउन **'नगरवासीसँग न्यायिक समिति'** कार्यक्रम सञ्चालन गरिनेछ। विशेष गरी महिला, दलित, विपन्न, असहाय र सीमान्तकृत समुदायलाई न्यायमा सहज पहुँच पुर्‍याउन सबै वडाहरूमा न्यायिक अधिकार तथा मेलमिलाप सम्बन्धी सघन अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१४७. **"छिटो-छरितो न्याय सम्पादन, मेलमिलापकर्ताको क्षमता प्रवर्धन"** को मर्मलाई आत्मसाथ गर्दै स्थानीय स्तरको विवाद निरूपण प्रक्रियालाई छिटो, छरितो र निष्पक्ष बनाइनेछ। यसका लागि सूचीकृत मेलमिलापकर्ता, न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरूको कानुनी ज्ञान र कार्यक्षमता अभिवृद्धिका लागि विभिन्न तालिम तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१४८. **"अनुभव आदानप्रदान, न्यायको सुदृढीकरण"** अन्तर्गत स्थानीय स्तरको मेलमिलाप प्रक्रियालाई अझ बढी व्यावहारिक र परिणाममुखी बनाउन अन्तर स्थानीय तह अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ। यसबाट प्राप्त सफल अभ्यासहरूलाई नगरको न्याय सम्पादनमा असल सिकाइका रूपमा संस्थागत गरिनेछ।

१४९. **"अदालतसँग समन्वय, निष्पक्ष विवाद निरूपण"** को नारासहित न्यायिक समिति र जिल्ला अदालतबीच नियमित अन्तरक्रिया र परामर्शको माध्यमबाट आपसी समन्वय सुदृढ गरिनेछ। समितिमा दर्ता हुने जटिल प्रकृतिका विवादहरूको निरूपणका लागि स्थलगत अनुगमन र मिलापत्र सहजीकरणमा जोड दिइनेछ ।

**अन्त्यमा,**

आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्तावित यस नीति तथा कार्यक्रमले **"समृद्ध मध्यविन्दु, खुसी नगरवासी"** निर्माण गर्ने हाम्रो साझा संकल्प र साझा सपनालाई साकार तुल्याउन कोसेढुङ्गा साबित हुनेछ भन्ने मैले विश्वास लिएको छु। नगरवासीहरूको गुणस्तरीय शिक्षा र सहज स्वास्थ्य सेवामा पहुँच, स्थानीय उत्पादनमा वृद्धि, कृषि तथा पशुपालन क्षेत्रको आधुनिकीकरण एवं व्यवसायीकरण, पूर्वाधारको दिगो विकास र रोजगारीका नवीन अवसरहरूको सिर्जनामार्फत स्थानीय सरकारप्रति जनताको भरोसा र विश्वास अझ उच्च हुँदै जाने अपेक्षा राखिएको छ।

अन्त्यमा, यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी नगरको सन्तुलित विकासमा अघि बढ्न राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, शिक्षक, उद्योगी, व्यवसायी, निजी तथा सामुदायिक क्षेत्र, सञ्चार जगत्, नागरिक समाज लगायत सम्पूर्ण नगरवासी दिदीबहिनी तथा दाजुभाइहरूबाट सदा झैं रचनात्मक सहयोग प्राप्त हुनेछ भन्नेमा विश्वस्त छु।

धन्यवाद।

जय मध्यविन्दु !

..............................

**भिमलाल अधिकारी**

**नगर प्रमुख**

१० असार, २०८३